समृद्ध समाजको समाजमैत्री अखबार
कम्पनी दर्ता नं. : २११८१३ /०७५/०७६
जि.प्र.का. मोरङ द.नं. : १९९/०६४/०६५
राष्ट्र, राष्ट्रियता र संघीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध
लेखा नं. : ६०६८२४४००
अनलाईन संस्करण:fastmedianepal.com
युवा जागरण मिडिया प्रा.लि.द्वारा प्रकाशित

# राष्ट्रिय युवा जागरण

Rastriya Yuva Jagaran Weekly

साप्ताहिक

वर्ष- १९, अंक-१, २०८३ साउन ६ गते बुधबार (2026, Jul. 22 Wednesday) नेपाल सम्वत ११४६ पृष्ठ संख्या - ६ मुल्य रु. १०।-

**कृषि उत्पादनमा आत्मनिर्भर बनौं**

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन बृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, बीऊ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुर्‍याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सिप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराइ युवाहरुलाई कृषिमा आकर्षित गरौं ।

कृषि पेशाप्रति सम्मान र गौरव गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## पुनः कलमी यात्रामा रायुजा

करिब एक वर्षको अवरोधपछि 'राष्ट्रिय युवा जागरण' पुनः तपाईंहरूको हातहातमा आइपुगेको छ। यो केवल एउटा पत्रिकाको पुनः प्रकाशन होइन, सत्य, विचार र जनआवाजलाई निरन्तरता दिने हाम्रो प्रतिबद्धताको पुनः उद्घोष पनि हो।

वि.सं. २०६४ मंसिर ६ गते जिल्ला प्रशासन कार्यालयमा विधिवत् दर्ता भई प्रकाशन सुरु भएको राष्ट्रिय युवा जागरण तत्कालीन राजनीतिक संक्रमणको महत्त्वपूर्ण मोडमा जन्मिएको थियो। जनआन्दोलन २०६२/०६३ को सफलतापछि मुलुक संविधानसभा निर्वाचनको तयारीमा थियो। परिवर्तनप्रति जनताको आशा, लोकतान्त्रिक मूल्य र युवाको सक्रिय भूमिकालाई आत्मसात् गर्दै यही ऐतिहासिक परिवेशमा यस पत्रिकाले आफ्नो यात्रा प्रारम्भ गरेको थियो।

त्यसयता देशको राजनीतिक, सामाजिक र आर्थिक परिवेशमा धेरै परिवर्तन भए। सञ्चार क्षेत्र पनि तीव्र रूपमा रूपान्तरित भयो। छापा माध्यममाथि डिजिटल सञ्चारको चुनौती थपियो। यिनै विविध परिस्थितिका कारण राष्ट्रिय युवा जागरण केही समय नियमित रूपमा प्रकाशन हुन सकेन। तर, विचार र प्रतिबद्धता कहिल्यै स्थगित भएनन्। आज पुनः प्रकाशनसँगै हामी नयाँ ऊर्जा, नयाँ सोच र थप जिम्मेवारीका साथ पाठकमाझ फर्किएका छौं। हामी विश्वास गर्छौं–समाजलाई सही दिशा देखाउने एउटा स्वतन्त्र, जिम्मेवार र विश्वसनीय सञ्चार माध्यमको आवश्यकता आज झन् बढेको छ। सूचना केवल छिटो दिनु मात्र पत्रकारिताको उद्देश्य होइन; सत्य, सन्तुलित र तथ्यमा आधारित सूचना प्रवाह गर्दै जनमत निर्माणमा सकारात्मक भूमिका निर्वाह गर्नु पनि उत्तिकै महत्त्वपूर्ण दायित्व हो। यही मूल्यलाई आत्मसात् गर्दै राष्ट्रिय युवा जागरण अघि बढ्नेछ।

हाम्रो प्राथमिकता स्थानीयदेखि राष्ट्रिय सरोकारका विषयलाई तथ्यपरक ढंगले प्रस्तुत गर्नु, युवाका सिर्जना, सोच र सम्भावनालाई स्थान दिनु, विकास, सुशासन, शिक्षा, कृषि, उद्यम, वातावरण, संस्कृति तथा सामाजिक उत्तरदायित्वका मुद्दालाई प्राथमिकताका साथ उठाउनु हुनेछ। सत्ताको प्रशंसा वा विरोध होइन, जनपक्षीय पत्रकारिता हाम्रो मूल धर्म हुनेछ। यो पुनः प्रकाशन सम्भव हुनुमा हाम्रा शुभेच्छुक, विज्ञापनदाता, लेखक, समाचारदाता, वितरक र विशेष गरी हाम्रो पत्रिकालाई निरन्तर माया गर्ने पाठकहरूको साथ र विश्वास नै सबैभन्दा ठूलो शक्ति बनेको छ। उहाँहरू सबैप्रति हामी हार्दिक आभार व्यक्त गर्दछौं। आगामी दिनमा पनि रचनात्मक सुझाव, आलोचना र सहकार्यको अपेक्षा गर्दै राष्ट्रिय युवा जागरणलाई तपाईंहरूको आफ्नै पत्रिकाका रूपमा स्थापित गर्ने हाम्रो प्रयास निरन्तर रहनेछ। हामी फेरि यात्रामा उभिएका छौं । सत्यको पक्षमा, समाजको हितमा र युवाको जागरणको पक्षमा निरन्तर, यहाँको साथ, सहयोगको अपेक्षासहित । - सम्पादक

### शिक्षा–स्वास्थ्य करमा सरकारको यू–टर्न

## जनदबाब बढेपछि सरकार नीतिगत निर्णयबाट ब्याक

◆ शिक्षा–स्वास्थ्यको ३ प्रतिशत समता कर पाँच दिनमै स्थगित

◆ रायुजा डेक्स



फाइल तस्बिर

इटहरी । चालु आर्थिक वर्षदेखि निजी शिक्षा र स्वास्थ्य क्षेत्रमा लागू गरिएको ३ प्रतिशत 'समता कर' सरकारले कार्यान्वयनमा आएको पाँच दिनमै स्थगित गरेको छ। बजेटमार्फत कर घोषणा गर्दा राजस्वको दायरा विस्तार र सामाजिक क्षेत्रमा स्रोत परिचालनको उद्देश्य राखिएको सरकारले निजी विद्यालय, अस्पताल तथा नागरिकस्तरबाट चर्को विरोध भएपछि निर्णय फिर्ता लिन बाध्य भएको हो। यसले सरकारको कर नीति, निर्णय प्रक्रिया र नीतिगत दृढतामाथि नयाँ प्रश्न खडा गरेको छ।

प्रधानमन्त्री बालेन्द्र शाहले मंगलबार सामाजिक सञ्जालमार्फत हालका लागि समता कर लागू नगर्ने निर्णय भएको जानकारी दिए। यद्यपि मन्त्रिपरिषद्बाट औपचारिक निर्णय र राजपत्र प्रकाशन हुन बाँकी रहेकाले कर कानुनी रूपमा पूर्णतः खारेज भइसकेको छैन।

सरकारले आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत निजी शिक्षा र स्वास्थ्य सेवामा ३ प्रतिशत समता कर घोषणा गरेको थियो। सरकारको दाबी थियो– निजी क्षेत्रबाट समेत सामाजिक उत्तरदायित्वका आधारमा राजस्व संकलन गरी राज्यको स्रोत सुदृढ बनाउने। तर कर घोषणा भएपछि निजी विद्यालय, अस्पताल तथा तिनका छाता संगठनले त्यसको विरोध गर्दै करको भार अन्ततः विद्यार्थी र बिरामीमाथि पर्ने दाबी गरे। केही संस्थाले त कर नतिर्ने चेतावनीसमेत दिएका थिए।

यहीँबाट बहस करको उद्देश्यभन्दा बढी त्यसको कार्यान्वयनतर्फ मोडियो। शिक्षा क्षेत्रमा विद्यालयहरूले समता करलाई विद्यार्थीले तिर्नुपर्ने अतिरिक्त शुल्कका रूपमा प्रस्तुत गरे भने स्वास्थ्य क्षेत्रमा कतिपय अस्पतालले सेवा शुल्कमै कर थप्न थाले। सरकारले कर संस्थाको आम्दानीमा लाग्ने वा सेवाग्राहीले बेहोर्नुपर्ने भन्ने विषयमा सुरुदेखि नै स्पष्ट सन्देश दिन नसक्दा सार्वजनिक बहस सरकारविरुद्ध केन्द्रित भयो।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले करको निरन्तर बचाउ गरिरहँदा प्रधानमन्त्रीबाटै स्थगनको घोषणा हुनु सरकारभित्र नीति समन्वय कमजोर रहेको संकेतका रूपमा हेरिएको छ। बजेट सार्वजनिक भएयता प्रधानमन्त्री र अर्थमन्त्रीबीच कर नीतिलाई लिएर फरक दृष्टिकोण देखिएको चर्चा भइरहेका बेला प्रधानमन्त्रीले प्रत्यक्ष हस्तक्षेप गर्दै निर्णय सार्वजनिक गरेका हुन्।

विश्लेषकहरूका अनुसार यो घटनाले दुई सन्देश दिएको छ। पहिलो, सरकारले पर्याप्त तयारी, सरोकारवालासँग परामर्श र प्रभाव विश्लेषणबिना संवेदनशील क्षेत्रमा कर लागू गर्दा त्यसको राजनीतिक मूल्य चुकाउनुपर्छ। दोस्रो, संगठित निजी क्षेत्रको दबाब सरकारको राजस्व नीतिभन्दा बलियो देखिएको छ। यसले भविष्यमा अन्य कर सुधारका प्रयाससमेत प्रभावित हुन सक्ने चिन्ता बढाएको छ।

शिक्षा र स्वास्थ्य सेवा संविधानले मौलिक हकका रूपमा स्वीकार गरेका क्षेत्र हुन्। तर निजी क्षेत्रको वर्चस्व बढ्दै गएको अवस्थामा राज्यले कर, नियमन र सेवा पहुँचबीच सन्तुलन कसरी

जाऔं अन्तिम पृष्ठ

## लगातार वर्षाले जनजीवन प्रभावित

### इटहरीबाट पूर्व-पहाडको यात्रा प्रभावित, देशभर ८ प्रमुख राजमार्ग अवरुद्ध

इटहरी- अविरल वर्षासँगै आएको बाढी र पहिरोका कारण कोशी प्रदेश हुँदै पूर्वी पहाडी जिल्लातर्फको आवागमन प्रभावित भएको छ। इलामस्थित मेची राजमार्गसहित देशभरका आठ प्रमुख राजमार्ग अवरुद्ध भएपछि इटहरीलाई ट्रान्जिट बनाएर यात्रा गर्ने यात्रुहरू बीचमै अलपत्र परेका छन्। जल तथा मौसम विज्ञान विभागले अझै भारी वर्षाको सम्भावना रहेको जनाएको छ भने सुरक्षा निकायले अत्यावश्यकबाहेक यात्रा नगर्न आग्रह गरेका छन्।

नेपाल प्रहरीका अनुसार बुधबार बिहानसम्म इलामको मेची राजमार्ग, सिन्धुली र काभ्रेको बीपी राजमार्ग, सिन्धुपाल्चोकको अरनिको राजमार्ग, मकवानपुरको कान्तिलोकपथ, बागलुङको कालीगण्डकी करिडोर, गोरखाको आरुघाट-माछिखोला सडक तथा जाजरकोटको भेरी करिडोर पहिरो र बाढीका कारण अवरुद्ध छन्।

कोशी प्रदेशमा पहिरो र बाढीको जोखिम बढेपछि धनकुटा, इलाम, पाँचथर र खोटाङ जिल्ला प्रशासन कार्यालयले रातिको समयमा सवारी सञ्चालनमा रोक लगाउने निर्णयलाई निरन्तरता दिएका छन्। प्रशासनले खोला, खहरे र पहिरोको उच्च जोखिम भएका क्षेत्रमा नजान तथा मौसम र सडकको अवस्था बुझेर मात्र यात्रा गर्न आग्रह गरेको छ।

यसैबीच, प्रहरी प्रधान कार्यालयका अनुसार साउन सुरु भएयता देशभर ५८ वटा विपद्का घटना भएका छन्। ती घटनामा तीन जनाको मृत्यु, १३

जाऔं अन्तिम पृष्ठ

## वीपी स्मृति दिवस आज, देशभर विविध कार्यक्रम



इटहरी । नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री तथा नेपाली कांग्रेसका संस्थापक नेता विश्वेश्वरप्रसाद (वीपी) कोइरालाको ४४ औं स्मृति दिवस आज देशभर विभिन्न कार्यक्रम गरी मनाइँदैछ।

नेपाली कांग्रेस र यसका भ्रातृ संस्थाहरूले श्रद्धाञ्जली सभा, विचार गोष्ठी तथा अन्य कार्यक्रम आयोजना गरी वीपीको राजनीतिक र साहित्यिक योगदानको स्मरण गरिरहेका छन्।

वि.सं. २०१५ सालको आमनिर्वाचनपछि पहिलो जननिर्वाचित प्रधानमन्त्री बनेका वीपीले बिर्ता उन्मूलन र भूमिसुधार कार्यक्रम लागू गरेका थिए। प्रजातान्त्रिक समाजवादका प्रणेताका रूपमा परिचित उनी नेपाली साहित्यका चर्चित मनोवैज्ञानिक यथार्थवादी लेखकसमेत हुन्। उनका तीन घुम्ती, सुम्निमा, नरेन्द्र दाइ लगायतका कृति नेपाली साहित्यका उत्कृष्ट सिर्जनामध्ये पर्दछन्।

**विराटनगरलाईन इटहरीको पाथीभरा होटल नै किन ?**

◆ सुविधा सम्पन्न लजको व्यवस्था
◆ फ्रि इन्टरनेट (वाईफाई)को व्यवस्था
◆ भेजिटेवल रेष्टुरेन्ट
◆ कन्फ्रेन्स हलको व्यवस्था
◆ नेपाल सरकारका विभिन्न निकायबाट आधिकारिकता प्राप्त गरेको ।
◆ पार्किङ्को व्यवस्था
◆ वेवसाइटको व्यवस्था
◆ ड्रिङ्सको लागि छुट्टै बारको व्यवस्था
◆ मिटिङ हलको व्यवस्था
◆ गुणस्तरीय द्रुत सेवा

इटहरी, विराटनगर लाइन, भोजपुरे टोल, विष्ट कम्प्लेक्स, सम्पर्क : ०२५-५८८२३६



# कोशीमा सवारी दुर्घटनाको ग्राफ उकालो, एक वर्षमा ४४० को मृत्यु


फाइल तस्बिर

इटहरी । कोशी प्रदेशमा आर्थिक वर्ष २०८२/८३ मा सवारी दुर्घटना १४ प्रतिशतले बढ्दा ४४० जनाले ज्यान गुमाएका छन् । दुर्घटनामा मृत्यु हुनेको संख्या अघिल्लो वर्षको तुलनामा ५ प्रतिशतले बढेको हो भने घाइते हुनेको संख्या १६ प्रतिशतले वृद्धि भएको छ। प्रदेश ट्राफिक प्रहरी कार्यालयको तथ्यांकअनुसार गत आर्थिक वर्ष प्रदेशका १४ जिल्लामा ६ हजार ४१२ वटा सवारी दुर्घटना भएका छन् । अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा ५ हजार ६२६ दुर्घटना भएकामा एक वर्षमै ७८६ वटा दुर्घटना थपिएका छन् ।

दुर्घटनामा ४४० जनाको मृत्यु भएको छ। अघिल्लो वर्ष ४१८ जनाको मृत्यु भएकामा यो संख्या २२ ले बढेको हो। यस्तै, घाइते हुनेको संख्या ९ हजार २४१ बाट बढेर १० हजार ६८७ पुगेको छ। एक वर्षमा १ हजार ४४६ जना थप घाइते भएका छन् ।

प्रदेशमै सबैभन्दा बढी दुर्घटना झापामा भएका छन् । त्यहाँ दुर्घटनाको संख्या १ हजार २९६ बाट बढेर १ हजार ५१२ पुगेको छ। मोरङमा ९ प्रतिशत र सुनसरीमा ८ प्रतिशतले दुर्घटना बढेको छ। यी तीन जिल्लामा मात्रै प्रदेशका अधिकांश दुर्घटना केन्द्रित छन् ।

दुर्घटना वृद्धिदरका आधारमा भने उदयपुर सबैभन्दा अगाडि छ। त्यहाँ दुर्घटना ३०० बाट बढेर ४७० पुग्दै ५७ प्रतिशत वृद्धि भएको छ। त्यसपछि इलाममा ४८ प्रतिशत, खोटाङमा ३८ प्रतिशत, पाँचथरमा ३२ प्रतिशत र ताप्लेजुङमा २९ प्रतिशतले दुर्घटना बढेको छ ।

यता धनकुटा, भोजपुर, तेह्रथुम र ओखलढुंगामा दुर्घटना घटेको छ। धनकुटामा १६ प्रतिशत, भोजपुरमा ५७ प्रतिशत, तेह्रथुममा ९ प्रतिशत र ओखलढुंगामा ११ प्रतिशतले दुर्घटना घटेको प्रदेश ट्राफिक प्रहरी कार्यालयको तथ्यांकमा उल्लेख छ।

मानवीय क्षतितर्फ पाँचथरमा मृत्यु सबैभन्दा बढी बढेको छ। त्यहाँ मृत्यु संख्या ५ बाट १३ पुग्दै १६० प्रतिशतले वृद्धि भएको छ। सोलुखुम्बुमा ७५ प्रतिशत, उदयपुरमा ३९ प्रतिशत, खोटाङमा ३३ प्रतिशत र सुनसरीमा ३२ प्रतिशतले मृत्यु बढेको छ। विपरीत रूपमा झापामा मृत्यु संख्या ७७ बाट ५९ मा झर्दै १९ प्रतिशतले घटेको छ भने मोरङ, धनकुटा र भोजपुरमा पनि मृत्यु घटेको छ।

घाइते हुनेको संख्या ताप्लेजुङमा १०३ प्रतिशत, उदयपुरमा ४३ प्रतिशत, झापामा २४ प्रतिशत र सुनसरीमा १२ प्रतिशतले बढेको छ। सबैभन्दा धेरै झापामा २ हजार ५६९, मोरङमा २ हजार ४५५ र सुनसरीमा २ हजार ४३५ जना घाइते भएका छन् ।

कोशी प्रदेश ट्राफिक प्रहरी कार्यालयका प्रहरी उपरीक्षक दीपक गिरीले पूर्व–पश्चिम राजमार्ग तथा प्रमुख सडकखण्डमा सवारी चाप बढ्दै जाँदा दुर्घटना पनि बढिरहेको बताए। उनले दुर्घटना न्यूनीकरणका लागि सवारी गति नियन्त्रण, चालक अनुशासन, सडक पूर्वाधार सुधार र प्रभावकारी ट्राफिक व्यवस्थापनमा थप कडाइ आवश्यक रहेको उल्लेख गरे ।

### ◆ जनदबाब....

कायम गर्ने भन्ने चुनौती अझ जटिल बन्दै गएको छ। पाँच दिनमै समता कर स्थगित हुनु केवल एउटा कर फिर्ताको निर्णय होइन, सरकारको नीति निर्माण क्षमता, राजनीतिक इच्छाशक्ति र दबाब व्यवस्थापनको अर्को परीक्षणका रूपमा समेत हेरिएको छ।

### ◆ लगातार

जना सर्पदंशबाट घाइते तथा वर्षा, बाढी, पहिरो, चट्याङ र आगलागीबाट करिब २३ लाख ६६ हजार रुपैयाँ बराबरको क्षति भएको छ ।

बाढीका कारण खोटाङमा दुई जनाको मृत्यु भएको छ। रुपाकोट मझुवागढी-६ की ४३ वर्षीया शान्ता राई र कोपिलासगढी-४ का ७१ वर्षीय परशुराम परियारको बाढीमा परी मृत्यु भएको प्रहरीले जनाएको छ। वर्षायामसँगै सर्पदंशका घटना पनि बढ्दै गएका छन् ।

यता, झापामा असार मसान्तसम्म ३५९ वटा प्राकृतिक विपद्का घटना अभिलेख भएका छन् । ती घटनामा ११ जनाको मृत्यु र ३७ जना घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालय झापाका अनुसार आगलागी, बाढी, डुबान, हुरी, चट्याङ तथा वन्यजन्तुको आक्रमणबाट २२ करोड ७४ लाख ६० हजार ९५९ रुपैयाँ बराबरको क्षति भएको छ। विपद्मा करिब ८ हजार ९१४ चौपाया तथा पशुपन्छी समेत मरेका छन् ।

प्रहरी प्रधान कार्यालयका अनुसार चालु वर्षको वैशाख १ गतेयता मात्रै देशभर ३ हजार ४६३ विपद्का घटना भएका छन् । ती घटनामा १६८ जनाको मृत्यु, ९९४ जना घाइते र दुई जना बेपत्ता भएका छन् ।

# शिक्षाको मन्दिरभित्रको अँध्यारो : सुकुना माविले उठाएको गम्भीर प्रश्न




**कक्षा ११ र १२ मा पढ्ने छात्राहरुलाई दुर्व्यवहार गरेको आरोपमा मोरङको सुकुना माविका तीन जना कर्मचारी पक्राउ परेपछि गृहमन्त्री सुधन गुरुङले सरकार विद्यार्थीहरुको साथमा रहेको बताएका छन् ।**

मोरङको सुन्दरहरैँचास्थित सुकुना माध्यमिक विद्यालयमा शिक्षक तथा कर्मचारीमाथि सार्वजनिक भएका गम्भीर आरोपपछि विद्यालयले लेखा अधिकृतसहित तीन जनालाई निलम्बन गर्दै अनुसन्धान प्रक्रिया अघि बढाएको छ। घटनाको सत्यता कानुनी छानबिनले स्थापित गर्नेछ, तर यसले फेरि एउटा गम्भीर प्रश्न उठाएको छ–के नेपाली विद्यालयहरू विद्यार्थीका लागि साँच्चै सुरक्षित छन् ? शिक्षाको मन्दिर भनेर चिनिने विद्यालयभित्रै बेला–बेला सार्वजनिक हुने यस्ता घटनाले अभिभावकको विश्वास डगमगाउन थालेको छ। आरोप सार्वजनिक हुनेबित्तिकै निलम्बन, छानबिन समिति गठन र कानुनी प्रक्रिया सुरु हुने क्रम दोहोरिए पनि यस्ता घटना किन रोकिँदैनन् भन्ने प्रश्नको उत्तर अझै भेटिएको छैन ।

विद्यालयमा शिक्षक र विद्यार्थीबीचको सम्बन्ध केवल शिक्षणमा सीमित हुँदैन । शिक्षक अभिभावकसरह मानिन्छन्, जसप्रति विद्यार्थीको विश्वास र निर्भरता उच्च हुन्छ। यही विश्वासको दुरुपयोग हुने कुनै पनि घटना सार्वजनिक हुँदा त्यसले एउटा विद्यालय मात्र होइन, समग्र शिक्षा प्रणालीको विश्वसनीयतामाथि प्रश्न उठाउँछ। अझ धेरै घटना सामाजिक दबाब, बदनामीको डर, पीडितको मौनता र संस्थागत ढाकछोपका कारण बाहिर नै नआउने भएकाले सार्वजनिक भएका घटना हिमशैलको टुप्पो मात्र हुन सक्ने बालअधिकारकर्मीहरूको बुझाइ छ।

सुकुना माविको घटनामा विद्यालय व्यवस्थापन समितिले अनुसन्धानलाई सहज बनाउन सम्बन्धित कर्मचारीलाई निलम्बन गर्ने निर्णय गरेको छ। अनुसन्धान निष्पक्ष रूपमा सम्पन्न हुनु आवश्यक छ र दोषी प्रमाणित नभएसम्म कसैलाई दोषी ठहर गर्न मिल्दैन । तर यो घटनाले विद्यालयभित्र बालसुरक्षा नीति, आचारसंहिता, गुनासो सुनुवाइ प्रणाली र संस्थागत उत्तरदायित्व कति प्रभावकारी छ भन्ने बहसलाई पुनः जीवित बनाएको छ। विद्यालयहरूमा भौतिक पूर्वाधार सुधार हुँदै गए पनि विद्यार्थीको मनोवैज्ञानिक र नैतिक सुरक्षालाई समान प्राथमिकता दिन नसकिएको गुनासो बढ्दै गएको छ।

बालबालिकाले आफूलाई असुरक्षित महसुस गर्ने अवस्था सिर्जना हुनु शिक्षा क्षेत्रकै लागि सबैभन्दा ठूलो संकट हो। त्यसैले अब विद्यालयलाई केवल पढाइ हुने संस्था होइन, बालसुरक्षा सुनिश्चित गर्ने जिम्मेवार सार्वजनिक संस्था बनाउनेतर्फ राज्य, स्थानीय सरकार, विद्यालय व्यवस्थापन, शिक्षक र अभिभावक सबैले गम्भीर समीक्षा गर्नुपर्ने बेला आएको छ। यदि शिक्षाको मन्दिरभित्रको विश्वास नै कमजोर हुँदै गयो भने त्यसको असर एउटा विद्यालयमा मात्र सीमित रहने छैन, त्यसले सम्पूर्ण शिक्षा प्रणालीमाथिको जनविश्वासलाई नै क्षय गर्नेछ।

जल तथा मौसम विज्ञान विभागले कोशी प्रदेशसहित देशका विभिन्न भूभागमा अझै केही दिन भारी वर्षाको सम्भावना रहेकाले नदी तथा खोलामा पानीको बहाव बढ्न सक्ने, पहिरो खस्ने र सडक अवरुद्ध हुन सक्ने चेतावनी दिएको छ। सुरक्षा निकायले जोखिमयुक्त क्षेत्रमा विशेष सतर्कता अपनाउन र अत्यावश्यक अवस्थाबाहेक यात्रा नगर्न सर्वसाधारणलाई आग्रह गरेको छ।

## असारको लोकसेवा तयारी सामान्यज्ञान

- नेपालको पहिलो विद्यार्थी आन्दोलन विविध कार्यक्रमसहित मनाइएको । विं.सं. २००४ असार १ गते तिनधारा पाठशालाका विद्यार्थीले राणाशासन बिरुद्ध र आधुनिक शिक्षाको माग गर्दै आन्दोलन गरेका
- धितोपत्र वोर्डको अध्यक्षमा गोपाल प्रसाद भट्ट नियुक्त
- गृहमन्त्रालयले गुनासो सुन्न 'हेलो गृह' कल सेन्टर स्थापना
- 'अन्तर्राष्ट्रिय सहकारी महिला सम्मेलन २०२६' : वि.सं. २०८३ असार ६-७ ललितपुर आयोजना गरिएको । सम्मेलनले ११ बुँदे काठमाडौँ घोषणापत्र जारी गरेको छ। राष्ट्रिय सहकारी महासङ्घ लि. नेपालको आयोजना तथा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सहयोगमा सम्मेलन आयोजना
- चौथो राष्ट्रिय मिडिया सम्मेलन आयोजना : वि.सं. २०८३ असार ६(७, बुटवल आयोजना गरिएको।
- हरेक वर्ष असार १५ गते मनाइने पर्व विविध कार्यक्रम सहित मनाइएको। वि.सं. २०८३ सालको धान दिवसको नाराः "जलवायुमैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि" भन्ने तय गरिएको। वि.सं. २०८२ सालको धान दिवसको नाराः "धानबालीमा सघनताः खाद्य सुरक्षा र आत्मनिर्भरता" भन्ने रहेको।
- नेपालकै पहिलो 'पोषणमैत्री गाउँपालिका' घोषणा हुन सफल स्थानीय तह
- बडीगाड गाउँपालिका, बागलुङ। घोषणा मिति : वि.सं. २०८३ असार १५ गते
- संसद दिवसमा कर्मचारी सरुवा व्यवस्थापन प्रणाली लागु
- नेपाल सरकारका पूर्वसचिव किशोर थापा त्रिभुवन विश्वविद्यालय सेवा आयोग अध्यक्षमा नियुक्त।
- भ्रष्टाचार विरुद्धको दोस्रो रणनीतिक योजना (आ.व. २०८२/८३-२०८७/८८) स्वीकृत। विज्ञापन नीति २०८३ स्वीकृत
- सात विश्वविद्यालयको उपकुलपतिमा त्रिभुवन विश्वविद्यालयः प्रा.डा. भोला थापा, सुदूरपश्चिम विश्वविद्यालयः किसन दत्त भट्ट, मध्यपश्चिम विश्वविद्यालयः राजन सुवाल, कृषि तथा वन विश्वविद्यालयः ऋषिराम कट्टेल, राजर्षि जनक विश्वविद्यालयः श्यामनारायण लाभ, पोखरा विश्वविद्यालयः देवेन्द्र अधिकारी
- पूर्वाञ्चल विश्वविद्यालयः सुजनबाबु मरहट्टा नियुक्त।
- विसं २०८३ असार २१(२३ (सन् २०२६ जुलाई ५-७) एसियाली विकास बैङ्कका अध्यक्ष मासातो कान्डाद्वारा नेपालको तीन दिवसीय भ्रमण।
- आर्थिक वर्ष २०८३/८४ को २५ औं मौद्रिक नीति नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलद्वारा सार्वजनिक।
- नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०५९/६० देखि मौद्रिक नीति सार्वजनिक गर्न थालेको। नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा ९४ वमोजिम मौद्रिक नीति सार्वजनिक गरिन्छ।
- गोविन्द कार्की नेपाल सरकारको ३० औ मुख्य सचिवमा नियुक्त।
- वि.सं. २०८३ असार २९ गते कोशी प्रदेश पूर्ण खोप सुनिश्चितता एवम् दिगोपना भएको देशकै पहिलो प्रदेश घोषणा।
- उमेश श्रेष्ठ प्रेस कान्सिलको अध्यक्षमा नियुक्त।
- अर्जुन घिमिरे नेपाल दुरसञ्चार नियुक्त।
- २१३ औं भानु : जन्म : वि.सं १८७१ असार २९ (तनहुँ)।
- मनाउन थालिएको : वि.सं. २०३४ देखि साहित्यिक उपमा : 'आदिकवि'
- वि.सं. २०८३ असार ३१ गते साहित्यकार नगेन्द्रराज शर्माको निधन।
- उनका चर्चित कृतिहरुः 'महापुरुष', 'दिवास्वप्न', 'पिपलको बोटमुनि' र 'एकान्तका आफन्त'

## पाठकको पूर्पुरो / ज्योतिष आशिष नेपाल

**मेष :** अभिभावकले तपाईको भावनाप्रति बेवास्ता गर्दा खट्पट सिर्जना हुन सक्छ । बुधबारपछिका दिनहरु महत्वपुर्ण सावित हुनेछन् । बिग्रका कामहरू पनि बन्ने योग यो हप्ता परेको छ ।

**बृषः** बृष राशिका जातकहरूले यो साता मित्रको सहोगबाट महत्वपूर्ण जिम्मेवारी पाउन सक्ने देखिन्छ। धैर्यपूर्वक कार्य गरे सफलता हात लाग्नेछ । सामाजिक अभियानले राम्रै प्रशंसा बटुल्न सक्ने पनि देखिन्छ । साताको अन्त्यमा भोजभतेरमा सरिक भइनेछ ।

**मिथुन :** अभिभावकहरुको सुझावको ख्याल गरे प्रतिस्पर्धीहरुलाई पछि पार्न सक्ने योग यो हप्ता देखा परेको छ । होसियारीपूर्वक गरिएको कार्य बाट धन आर्जन गर्न सकिनेछ । साथीहरुले खर्च गराउने चेष्टा गर्नेछन् । चलाखी अपनाउँदा बेस हुनेछ । परोपकारले आकर्षित गराउन सक्छ । स्वास्थ्यको ख्याल गरे राम्रो देखिन्छ ।

**कर्कट :** साथीहरुले दिएको सुझावबाट आफ्नो कल्याण नै हुनेछ । आफ्ना सिर्जनशील रचनाका माध्यमबाट प्रतिष्ठित व्यक्तिहरुको मन जित्न सकिनेछ । सेतो पहिरनले कार्यक्षेत्रमा विशेष लाभ पुर्‍याउनेछ ।

**सिंह :** बैँलीको मधुरताले बिग्रन लागेको सम्बन्धमा मल्हम लगाउन सहयोग गर्नेछ । खानपानको फेरबदलले शारीरिक दुर्बलता सिर्जना गर्न सक्छ । इष्टमित्रहरुसँग भ्रमणको योग जुर्नेछ ।

**कन्या :** आफ्नो हठ गर्ने बानीले परिवारमा मनमुटाव सिर्जना गर्न सक्छ । परिस्थितिप्रति बेवास्ता गर्नाले व्यवहारिक झमेला आइलाग्न सक्छ । बोलीको प्रभावले अरुलाई मन्त्रमुग्ध तुल्याउन सकिनेछ ।

**तुला :** बोलिको प्रभावले अधुरा कार्य पूरा हुनेछन् । नयाँ मित्रको आगमन तथा सहयोगले मन ढुक्क हुनेछ । साताको अन्त्यतिर पारिवारिक भेटघाट तथा भ्रमणले उत्साह जगाउनेछ ।

**वृश्चिक :** अभिभावकको वचन परिर्वतनले मनमा चोट पुग्न सक्छ, संयमताका साथ निर्णय गर्नुहोला । आर्थिक क्षेत्रमा प्रभुत्व जमाई अपेक्षा गरेजस्तै लाभ लिन सकिनेछ । घरायसी व्यवहारबाट टाढै रहनुमा कल्याण छ ।

**धनु :** अवरूद्ध कार्यमा पुनः प्रयत्न गर्दा सफलता हात लाग्नेछ । द्रुत गतिमा सवारी चलाउँदा दुर्घटना हुन सक्छ । खानपान तथा मनोरञ्जन गर्दा समयको ख्याल गर्नुपर्नेछ ।

**मकर :** पूर्वयोजनाबिना आकस्मिक यात्रा गर्नाले अनपेक्षित खर्च आइलाग्न सक्छ । प्रेमिकाले उपहार दिँदै थप प्रस्ताव राख्न सक्छिन् । छिटै निर्णय गर्दा फाइदा होला ।

**कुम्भ :** मौसमी फेरबदलले स्वास्थ्यमा असर पार्न सक्छ, चनाखो रहनुहोला । नयाँ मित्रसँग मनोरञ्जन गर्दा अरूको मन लोभिनेछ । छरछिमेकका मांगलिक कार्यमा सहभागी भइनेछ ।

**मीन :** दत्तचित्त भै कार्य गरे लक्ष्य प्राप्त गर्न सकिनेछ । पहेंला फलफूल सेवन गर्दा स्वास्थ्य अनुकूल रहनेछ । अभिभावकको सुझाव तथा भावनाको कदर गर्न सके समस्याहरु स्वतस निर्मूल हुनेछन् ।

**कुनै पनि मानिसको सबै आत्मा बुझाउन सक्ने विद्या अहिलेसम्म निस्केको छैन - लक्ष्मी प्र. देवकोटा**

युवा जागरण मिडिया प्रा.लि. द्वारा प्रकाशित
राष्ट्रिय युवा जागरण साप्ताहिक
राष्ट्र, राष्ट्रियता र लोकतन्त्रप्रति प्रतिबद्ध

प्रधान सम्पादक/प्रकाशक: खगेन्द्र कार्की
डेक्स प्रमुख : सुप्रिया राई, संवाददाता सृजना कार्की
कानुनी सल्लाहकार : केदार कार्की (अधिवक्ता/कानुन व्यवसायी)
साजसज्जा : राष्ट्रिय युवा जागरण डेक्सटप
कार्यालय : विराटनगर, बरगाछी मोरङ,
मुद्रण: सामुदायिक अफसेट प्रेस, इटहरी
सम्पर्क : मोबाइल नं. ९८६२१४४९७५,
इटहरी कार्यालय : इटहरी-८, सुनसरी
फोन नं. ०२५-५८८६३२, मोबाइल नं. ९८६२१४४९७५
इमेल : yuvajagaranmedia@gmail.com
Website: fastmedianepal.com
Facebook : Rastriya yuva Jagaran Online Patrika

## सम्पादकीय

# कुर्सीको खेलमा हराउँदै प्रदेश


संघीयता नेपालको राजनीतिक व्यवस्थाको सबैभन्दा ठूलो संरचनागत परिवर्तन हो। यसको मूल उद्देश्य सत्ता र स्रोतको विकेन्द्रीकरण गर्दै प्रदेशलाई आफ्नै आवश्यकता र प्राथमिकताअनुसार शासन सञ्चालन गर्न सक्षम बनाउनु थियो। तर, संविधानले प्रदेशलाई दिएको स्वायत्तता व्यवहारमा अझै स्थापित हुन सकेको छैन। प्रदेश सरकारहरु आज पनि आफ्ना नागरिकप्रति भन्दा सिंहदरबारका सत्ता समीकरणप्रति बढी उत्तरदायी देखिन्छन्। त्यसैले केन्द्रमा सत्ता समीकरण फेरिनेबित्तिकै प्रदेश सरकार पनि हल्लिने, मन्त्री फेरिने र सरकार ढल्ने क्रम लगभग वार्षिक संस्कारजस्तै बनेको छ।

यतिबेला फेरि त्यही दृश्य दोहोरिँदै छ। सुदूरपश्चिम र कर्णालीबाट सुरू भएको सत्ता परिवर्तनको तरंग बागमती र कोशीसम्म आइपुगेको छ। बागमतीमा एमालेले आफ्ना मन्त्री फिर्ता बोलाइसकेको छ भने कोशीमा पनि कांग्रेसले त्यही तयारी गरिरहेको छ। अन्य प्रदेशमा पनि राजनीतिक समीकरण बदलिने संकेत देखिएका छन्। प्रश्न उठ्छ- प्रदेश सरकारको भविष्य प्रदेशसभाले तय गर्ने हो कि काठमाडौंमा बस्ने केही शीर्ष नेताले? यही प्रवृत्तिले संघीयताको सबैभन्दा ठूलो उपलब्धिमाथि प्रश्नचिन्ह खडा गरेको छ। प्रदेश सरकारको आयु जनमतले होइन, दलका शीर्ष नेताको राजनीतिक स्वार्थले निर्धारण हुने हो भने प्रदेश संरचनाको औचित्य के रहन्छ? यदि प्रदेशसभाको बहुमतभन्दा केन्द्रको निर्देशन नै निर्णायक हुने हो भने प्रदेश सरकार केवल सिंहदरबारको शाखा कार्यालयमा सीमित हुन्छ, स्वायत्त सरकार होइन।

यसको सबैभन्दा ठूलो असर विकास र सेवा प्रवाहमा पर्छ। सरकार फेरिएसँगै मन्त्री फेरिन्छन्, प्राथमिकता बदलिन्छ, योजना रोकिन्छन् र प्रशासनिक संयन्त्र अन्योलमा पर्छ। एउटा सरकारले अघि बढाएको आयोजना अर्को सरकारले पुनः समीक्षा गर्छ। निर्णय प्रक्रियामा ढिलाइ हुन्छ, बजेट कार्यान्वयन सुस्त हुन्छ र अन्ततः विकासको गति रोकिन्छ। यसबीच कर्मचारी निर्णय लिन हिच्किचाउँछन्, लगानीकर्ता पर्ख र हेरको अवस्थामा बस्छन् र नागरिकले सरकारी सेवा पाउन झन् सास्ती खेप्नुपर्छ। विडम्बना के छ भने यी सरकारहरु नीति, विचार वा जनहितका मुद्दामा होइन, मन्त्रालयको भागबन्डा र सत्ता समीकरणका आधारमा फेरिने गरेका छन्। जनताका लागि के गर्ने भन्ने बहस कम हुन्छ, कुन दलले कुन मन्त्रालय पाउने भन्ने बहस बढी हुन्छ। यस्तो अभ्यासले लोकतान्त्रिक संस्कृतिलाई कमजोर बनाउनुका साथै राजनीतिक नेतृत्वप्रतिको जनविश्वास पनि घटाउँदै लगेको छ।

प्रदेश सरकारहरु स्थापना भएको आठ वर्षभन्दा बढी भइसक्दा पनि धेरै प्रदेशले आफ्नो स्पष्ट विकासको पहिचान बनाउन सकेका छैनन्। यसको एउटा प्रमुख कारण यही राजनीतिक अस्थिरता हो। सरकार परिवर्तनको चक्रले दीर्घकालीन नीति निर्माणलाई प्रभावित बनाएको छ। प्रत्येक नयाँ नेतृत्वले अघिल्लो सरकारका कामलाई निरन्तरता दिनुभन्दा नयाँ सुरूवात गर्न खोज्दा समय, स्रोत र ऊर्जा अनावश्यक रुपमा खर्च भइरहेको छ। यसको राजनीतिक मूल्य पनि सानो छैन। संघीयता कार्यान्वयनको कमजोरीलाई देखाएर प्रदेश संरचनाकै विरोध गर्ने आवाज बलियो हुँदै गएको छ। तर समस्या संघीयतामा होइन, संघीयतालाई सञ्चालन गर्ने राजनीतिक संस्कृतिमा छ। अधिकार हस्तान्तरण गरेर पनि निर्णय गर्ने शक्ति केन्द्रमै राख्ने प्रवृत्तिले प्रदेशलाई कमजोर बनाएको हो। अब राजनीतिक दलहरुले एउटा गम्भीर प्रश्नको सामना गर्नैपर्छ–के प्रदेश सरकारहरु जनताको विश्वास जित्न बनेका हुन् कि केन्द्रको सत्ता व्यवस्थापन गर्न? यदि प्रदेश सरकारहरु हरेक वर्ष फेरिने क्रम रोकिएन भने संघीयताप्रति नागरिकको वितृष्णा अझ बढ्नेछ। त्यसको दोष संविधान वा व्यवस्थालाई होइन, त्यसलाई स्वार्थअनुसार प्रयोग गर्ने राजनीतिक नेतृत्वलाई जानेछ।

# बीपीको राजनीति : सत्ता होइन, सिद्धान्त



◆ हरिहर विरही

नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री, नेपाली कांग्रेसका संस्थापक तथा प्रजातान्त्रिक समाजवादका प्रणेता विश्वेश्वरप्रसाद (बीपी) कोइरालाको नाम नेपाली राजनीतिमा जति सम्मानका साथ उच्चारण गरिन्छ, उनका आदर्श र राजनीतिक संस्कार भने त्यति नै उपेक्षित हुँदै गएका छन् । विडम्बना, आज बीपीलाई सबै राजनीतिक दलले आफ्नो-आफ्नो तरिकाले सम्झिन्छन्, उनको लोकतन्त्र, राष्ट्रियता, समाजवाद र जनसरोकारका विचारलाई स्वीकार गर्छन्, तर उनले जीवनभर अभ्यास गरेका नैतिकता, उत्तरदायित्व र सिद्धान्तनिष्ठ राजनीतिलाई भने व्यवहारमा उतार्न सकेका छैनन् ।

बीपीले राजनीतिलाई सत्ता प्राप्तिको माध्यम होइन, जनसेवाको अभियान माने । उनका लागि लोकतन्त्र भनेको केवल निर्वाचन सम्पन्न गर्नु थिएन, जनताको सम्मान, नागरिक स्वतन्त्रता, विधिको शासन र उत्तरदायी शासन प्रणाली सुनिश्चित गर्नु थियो । उनले बारम्बार भनेका थिए–लोकतन्त्रको वास्तविक शक्ति जनतामा निहित हुन्छ । त्यसैले जनतालाई अधिकार दिनु मात्र पर्याप्त हुँदैन, उनीहरूलाई सही निर्णय गर्न सक्ने चेतनासमेत विकास गर्नुपर्छ । आज लोकतन्त्र संस्थागत भए पनि जनताप्रतिको उत्तरदायित्व कमजोर बन्दै जानु बीपीले कल्पना गरेको लोकतान्त्रिक संस्कार होइन ।

बीपीको राजनीतिक जीवनको सबैभन्दा ठूलो शक्ति नै उनको नैतिक साहस थियो । उनी पदभन्दा सिद्धान्तलाई माथि राख्थे । गृहमन्त्री रहेका बेला प्रहरीको गोली लागेर विद्यार्थीको मृत्यु भएपछि नैतिक जिम्मेवारी स्वीकार गर्दै राजीनामा दिनु केवल एउटा राजनीतिक घटना थिएन, त्यो लोकतान्त्रिक उत्तरदायित्वको उच्च उदाहरण थियो । अहिले सत्ता र पद जोगाउन कुनै पनि नैतिक जिम्मेवारी स्वीकार नगर्ने प्रवृत्ति बढिरहेका बेला बीपीको त्यो उदाहरण झन् सान्दर्भिक बनेको छ ।

त्यसैगरी आफ्नै दाजु तथा तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले पार्टीको नीति र निर्णयविपरीत काम गरेको भन्दै उनलाई पदबाट हटाउने निर्णयमा बीपी दृढ रहे । त्यो निर्णयले व्यक्तिगत सम्बन्धमा असर पर्न सक्थ्यो, तर उनका लागि पारिवारिक सम्बन्धभन्दा पार्टीको नीति, लोकतान्त्रिक प्रक्रिया र सिद्धान्त ठूलो थियो । आज राजनीतिक दलभित्र व्यक्तिपूजा, गुटबन्दी र अवसरवाद हावी भइरहेका बेला बीपीको यो राजनीतिक चरित्र प्रेरणाको स्रोत बन्न सक्छ ।

बीपीले राजनीतिक असहमतिलाई लोकतन्त्रको सौन्दर्य माने । उनले आलोचनालाई कहिल्यै शत्रुताका रूपमा लिएनन् । बरु आलोचनाले सरकार र नेतृत्वलाई सच्याउने अवसर दिन्छ भन्ने विश्वास राखे । आज भने असहमतिलाई देशविरोधी वा शत्रुको रूपमा चित्रण गर्ने प्रवृत्ति बढ्दै गएको छ । सामाजिक सञ्जालदेखि संसद्सम्म फरक मतलाई सम्मान गर्ने संस्कार कमजोर बन्दै जानु लोकतन्त्रका लागि सकारात्मक संकेत होइन ।

बीपीले परिकल्पना गरेका धेरै राजनीतिक एजेन्डा आज नेपालको संविधान र राज्य व्यवस्थाको हिस्सा बनेका छन् । जननिर्वाचित संविधानसभा, संघीय लोकतान्त्रिक गणतन्त्र, जनताको सर्वोच्चता र समाजवादउन्मुख राज्यको अवधारणा कुनै न कुनै रूपमा बीपीकै वैचारिक यात्राको निरन्तरता हुन् । त्यसैले आजका अधिकांश राजनीतिक दलले राष्ट्रियता, लोकतन्त्र र समाजवादको कुरा गर्दा बीपीकै राजनीतिक दर्शनको प्रभाव देखिन्छ । तर प्रश्न उठ्छ–यदि विचार सबैले स्वीकार गरेका छन् भने राजनीतिक व्यवहार किन उल्टो देखिन्छ?

आजको राजनीतिमा सबैभन्दा ठूलो संकट विचारको होइन, चरित्रको देखिन्छ । भाषणमा सुशासन, पारदर्शिता र नैतिकताको कुरा गर्ने नेतृत्व व्यवहारमा त्यसको ठीक विपरीत देखिन्छ । भ्रष्टाचारका आरोप, शक्ति संघर्ष, राजनीतिक अस्थिरता, सार्वजनिक पदको दुरुपयोग र अवसरवादी गठबन्धनले जनतामा राजनीतिप्रतिको विश्वास कमजोर बनाएको छ । यही अवस्थामा बीपीको राजनीति झन् सान्दर्भिक हुन्छ, किनकि उनले राजनीतिमा नैतिकताको विकल्प हुँदैन भन्ने सन्देश दिएका थिए ।

विशेष गरी बीपीको विचारको उत्तराधिकारी दाबी गर्ने नेपाली कांग्रेसका लागि त यो अझ ठूलो चुनौती हो । पार्टीले बीपीको जन्मजयन्ती र स्मृति दिवस मनाउने, उनका तस्बिरमा माल्यार्पण गर्ने र भाषण गर्ने परम्परा कायम राखेको छ । तर पार्टी सञ्चालन, आन्तरिक लोकतन्त्र, नेतृत्व चयन, पारदर्शिता र नीति कार्यान्वयनमा बीपीको आदर्श कति जीवित छ भन्ने प्रश्नको उत्तर सहज छैन । यो प्रश्न कांग्रेसमा मात्र होइन, बीपीको विचारलाई सम्मान गर्ने सबै राजनीतिक शक्तिमाथि उत्तिकै लागू हुन्छ ।

बीपीले राजनीतिलाई सेवा, त्याग र उत्तरदायित्वको माध्यम बनाए । आज राजनीतिलाई शक्ति, पद र सुविधाको माध्यम बनाउने प्रवृत्ति हावी हुँदै गएको छ । यही कारण जनतामा राजनीतिक निराशा बढिरहेको छ । लोकतन्त्रप्रति आस्था कायम राख्न लोकतान्त्रिक मूल्य र नैतिक नेतृत्व दुवै आवश्यक हुन्छन् । यी दुवै पक्ष कमजोर हुँदा लोकतान्त्रिक संस्थाप्रति विश्वास पनि कमजोर बन्छ ।

बीपीको स्मृति दिवस केवल औपचारिक कार्यक्रम, भाषण र श्रद्धाञ्जलीमा सीमित हुनु हुँदैन । उनको वास्तविक सम्मान तब मात्र हुनेछ, जब राजनीतिक दलहरूले उनको नाम मात्र होइन, उनको राजनीतिक संस्कार पनि अपनाउनेछन् । इमानदारी, उत्तरदायित्व, विधिको शासन, असहमतिको सम्मान, जनताप्रतिको निष्ठा र सिद्धान्तमा अडिग रहने साहस–यी नै बीपीको सबैभन्दा ठूलो विरासत हुन् ।

आज नेपाललाई सबैभन्दा बढी आवश्यकता नयाँ विचारको होइन, पुराना असल मूल्यको पुनर्स्थापनाको छ । बीपीको विचार आज पनि जीवित छ, किनकि लोकतन्त्र, राष्ट्रियता र सामाजिक न्यायको आवश्यकता समाप्त भएको छैन । तर बीपीको आदर्शलाई व्यवहारमा उतार्ने राजनीतिक इच्छाशक्ति भने कमजोर हुँदै गएको छ । त्यसैले भन्न सकिन्छ–नेपालको राजनीतिले बीपीको विचार त

## अभिव्यक्तिको स्वतन्त्रता कि संसदीय गैरजिम्मेवारी ?

# सडक तथा संसदमा बढ्दो उच्छृङ्खलता, घट्दो जनविश्वास

धरानका पूर्वमेयर तथा श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राईले खानेपानी, सुशासन र भ्रष्टाचारविरूद्धको अभियानमार्फत वैकल्पिक राजनीतिको आशा जगाएका थिए । परम्परागत दलप्रति निराश बनेका नागरिकले उनीमा नयाँ राजनीतिक संस्कारको सम्भावना देखेका थिए । तर पछिल्लो समय उनका अभिव्यक्ति, व्यवहार र सार्वजनिक प्रस्तुतिका कारण उनी स्वयं विवादको केन्द्रमा परिरहेका छन् । संसदमा होस् वा सार्वजनिक कार्यक्रममा, उनको शैलीले अपेक्षित परिपक्वता देखाउन नसकेको टिप्पणी बढ्दै गएको छ ।

यसैबीच श्रम संस्कृति पार्टीका सांसद आरेन राईको पुरानो अभिव्यक्ति- "गाई काटेर खान पाउनुपर्छ" ? भन्ने अभिव्यक्ति यतिखेर विवादीत बनेको छ । गाई नेपालको राष्ट्रिय जनावर मात्र होइन सनातनीको गौमाताको सनातनीको जन्मेदेखि मृत्युसम्म प्रयोगमा आउने जनावरमाथि बारम्बार धावा बोलिनु पक्कै पनि ८० प्रतिशत सनातनीको चित्त दुखाउनु हो । यि तथ्य बिर्सिएर यसका विषयमा आएका अभिव्यक्तिले सांसद आरेन राईलाई विवादित बनाएको छ । आरेनका विषयमा हर्कराज राईले उक्त अभिव्यक्ति धेरै वर्षअघिको, अपरिपक्वतामा आएको र सम्बन्धित सांसदलाई सुधारको अवसर दिनुपर्ने बताएका छन् । लोकतान्त्रिक समाजमा गल्ती स्वीकार गरेर सुधारिन खोज्नेलाई अवसर दिनुपर्छ भन्ने मान्यता सही हो । तर सार्वजनिक जीवनमा रहेका व्यक्तिको विगत, विचार र अभिव्यक्तिको जिम्मेवारी पनि उत्तिकै महत्वपूर्ण हुन्छ । सांसदको अभिव्यक्ति धार्मिक संवेदनशीलता, सामाजिक सद्भाव र राष्ट्रिय एकतासँग जोडिने भएकाले यस्तो विषयमा अझ बढी संयमता आवश्यक हुन्छ ।

हर्कराज राई स्वयं पनि पछिल्ला दिनमा आफ्नै अभिव्यक्ति र व्यवहारका कारण विवादमा पर्दै आएका छन् । यसको पछिल्लो उदाहरण जनकपुरस्थित जानकी मन्दिर प्रवेशका क्रममा देखिएको विरोध हो । मन्दिर प्रवेश रोक्न नाराबाजी भएपछि अवस्था तनावग्रस्त बन्न पुगेको थियो । यो घटना एक दिनको असन्तुष्टि मात्र नभई विगतमा उनले धर्मसम्बन्धी दिएका अभिव्यक्ति र अपनाएको राजनीतिक शैलीप्रतिको प्रतिक्रियाका रुपमा पनि हेरिएको छ ।

धरानको मेयर हुँदा हर्कराज राईले हिन्दु धर्ममाथि प्रहार गरेको, धार्मिक विषयलाई राजनीतिक रंग दिएको, मन्दिर नजिकै चर्च निर्माणमा सहजीकरण गरेको तथा क्रिश्चियन समुदाय एक पक्षीय रूपमा संरक्षण गरेको जस्ता आरोप लाग्दै आएको थियो । ती आरोप सही वा गलत भन्ने बहस आफ्नो ठाउँमा छ, तर त्यसले उनको सार्वजनिक छविमा गहिरो प्रभाव पारेको देखिन्छ । आज धार्मिक स्थलको भ्रमणका क्रममा उनले सामना गर्नुपरेको विरोधलाई धेरैले त्यही विगतको निरन्तर परिणामका रुपमा व्याख्या गरिरहेका छन् । सार्वजनिक जीवनमा विश्वास गुमाउन समय लाग्दैन, तर त्यो विश्वास पुनः स्थापित गर्न निकै कठिन हुन्छ ।

आफ्नो दलबलको क्षमता वा व्यक्तिगत हैसियत नबुझी जेनजी आन्दोलन लगत्तै एकाएक काठमाडौं पुगेर प्रधानमन्त्री बन्ने आकांक्षा देखाएका राईको आफ्नै शैली, बोली र व्यवहारले उनको साख गिर्दो देखिन्छ । सडकमा जुन शैली अपनाईन्छ संसदमा पनि त्यही शैली अपनाउनुले उनको गिर्दो साखमा झन बल पुऱ्याएको छ । सरकार, दल वा स्थापित नेतृत्वको आलोचना गर्नु लोकतान्त्रिक अधिकार हो । तर आलोचना र उत्तेजनाबीचको सीमारेखा छुट्याउन सक्नुपर्छ । संसदीय गरिमा कायम गर्न सक्नुपर्दछ । संसद् सडक आन्दोलनको मञ्च होइन, तथ्य, तर्क र वैकल्पिक नीतिको बहस गर्ने सर्वोच्च थलो हो । सामाजिक सञ्जालमा भाइरल हुने उद्देश्यले गरिएका उत्तेजक अभिव्यक्तिले केही समय चर्चा त पाउन सक्छन्, तर त्यसले लोकतान्त्रिक संस्थालाई बलियो बनाउँदैन । पछिल्ला वर्षहरुमा संसद्मा विषयवस्तुभन्दा शैली, तर्कभन्दा ताली र बहसभन्दा भाइरल हुने प्रवृत्ति बढ्दै गएको देखिन्छ, जुन चिन्ताको विषय हो ।

वैकल्पिक राजनीतिको दाबी गर्ने दल र नेताबाट जनताको अपेक्षा पनि उच्च हुन्छ । उनीहरूले पुराना दलको कमजोरी दोहोऱ्याउने होइन, नयाँ राजनीतिक संस्कृति स्थापित गर्ने जिम्मेवारी वहन गर्नुपर्छ । यदि वैकल्पिक शक्ति पनि असहिष्णु भाषा, उत्तेजक अभिव्यक्ति र विवादकै राजनीतिमा सीमित हुन्छ भने उनीहरु र परम्परागत दलबीचको भिन्नता के रहन्छ भन्ने प्रश्न उठ्नु स्वाभाविक हो ।

अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधारभूत अधिकार हो । तर त्यो अधिकारसँग जिम्मेवारी पनि गाँसिएको हुन्छ । विशेषगरी सांसद र सार्वजनिक पदमा रहेका व्यक्तिले सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र राष्ट्रिय एकतालाई बल पुग्ने भाषा प्रयोग गर्नुपर्छ । आलोचना आवश्यक छ, तर त्यो तथ्यमा आधारित, मर्यादित र उत्तरदायी हुनुपर्छ । लोकप्रियता क्षणिक हुन सक्छ, तर नेतृत्वको स्थायित्व संयमता, सहिष्णुता र जिम्मेवार अभिव्यक्तिमै निर्भर हुन्छ भन्ने सन्देश नै राईका विवादले दिएका छन् । सामाजिक सञ्जाल

# प्रहरीको सक्रियता बढ्यो, लागूऔषध कारोबार भने रोकिएन

इटहरी । कोशी प्रदेशमा लागूऔषधको प्रयोग, ओसारपसार र कारोबार पछिल्ला वर्षहरूमा गम्भीर सामाजिक तथा सुरक्षा चुनौतीका रूपमा देखिएको छ। प्रदेश प्रहरी कार्यालय कोशीले लागूऔषध नियन्त्रणका लागि विभिन्न जनचेतनामूलक अभियान, विद्यालय तथा कलेज केन्द्रित कार्यक्रम, सीमा क्षेत्रमा निगरानी, विशेष अपरेशन र नियमित चेकजाँच सञ्चालन गर्दै आएको भए पनि तथ्यांकले भने समस्या अझै नियन्त्रणमा आउन नसकेको संकेत गर्छ। दैनिकजसो हुने पक्राउ, बरामद हुने प्रतिबन्धित पदार्थ र लागूऔषध सम्बन्धी मुद्दाको संख्या हेर्दा यो समस्या अझ जटिल बन्दै गएको देखिन्छ।

कोशी प्रदेश भारतसँग खुला सीमा जोडिएको प्रदेश हो। विशेषगरी झापा, मोरङ र सुनसरी लागूऔषधको ओसारपसार तथा प्रयोगका दृष्टिले बढी संवेदनशील जिल्लाका रूपमा चिनिन्छन्। खुला सीमाका कारण भारतबाट ब्राउन सुगर, ट्रूमाडोल, स्पास्मो–प्रोक्सिभोन, क्लोनाजेपाम, नाइट्राभेट, क्लारिडोल –क्लारो) लगायतका प्रतिबन्धित औषधि नेपाल भित्रिने क्रम रोक्न चुनौतीपूर्ण बनेको छ। लागूऔषधको कारोबारमा संलग्न समूहले नयाँ–नयाँ माध्यम अपनाइरहेकाले प्रहरीको निगरानीलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता देखिएको छ।

पछिल्लो घटनाले पनि प्रदेशमा लागूऔषधको अवस्था कति गम्भीर छ भन्ने स्पष्ट पार्छ। साउन ४ गते झापा, मोरङ र सुनसरीका विभिन्न स्थानबाट प्रहरीले लागूऔषधसहित ११ जनालाई पक्राउ गरेको थियो। वडा प्रहरी कार्यालय भद्रपुरले झापाको बिर्तामोड नगरपालिका–३ निवासी २७ वर्षीय अजय सहनीलाई ६ ग्राम ६० मिलिग्राम ब्राउन सुगरसहित पक्राउ गरेको थियो। त्यस्तै इलाका प्रहरी कार्यालय दमक र लागूऔषध नियन्त्रण ब्युरो काकडभिट्टाको संयुक्त टोलीले इलामको चुलाचुली गाउँपालिका–४ निवासी ३५ वर्षीय पूर्णकुमार राईलाई २२ ग्राम १५० मिलिग्राम ब्राउन सुगरसहित नियन्त्रणमा लिएको थियो।




**प्रदेश प्रहरी कार्यालय कोशीका अनुसार लागूऔषध नियन्त्रणका लागि विद्यालय तथा कलेज केन्ि्रत सचेतना कार्यक्रम, समुदाय–प्रहरी साझेदारी, सीमा क्षेत्रमा संयुक्त निगरानी, आकस्मिक चेकिङ तथा विशेष अपरेशन नियमित रुपमा सञ्चालन हुँदै आएका छन्। लागूऔषध नियन्त्रण ब्युरोसँगको समन्वयमा हुने अभियानले धेरै कारोबारीलाई पक्राउ गर्न सफलता पनि दिलाएको छ। तर पक्राउको संख्या बढिरहनुले माग र आपूर्ति दुवै पक्ष अझै सक्रिय रहेको देखाउँछ।**

मोरङको बेलबारी नगरपालिका–३ मा प्रहरीले ३० वर्षीय प्रकाश खड्का, ३१ वर्षीय रबिन राई, २५ वर्षीय आकाश गुरुङ र २४ वर्षीय सबिन गुरुङलाई ट्रूमाडोल १७ क्याप्सुल र स्पास १७ ट्याब्लेटसहित पक्राउ गरेको थियो। त्यस्तै विराटनगर महानगरपालिका–१३ बाट इटहरी–९ निवासी सन्दीप खड्कालाई प्रतिबन्धित औषधिका ३० ट्याब्लेट र स्पास्मो–प्रोक्सिभोनका ४० क्याप्सुलसहित नियन्त्रणमा लिइएको थियो।

सुनसरीमा पनि लागूऔषध नियन्त्रण अभियान प्रभावकारी रूपमा सञ्चालन भइरहे पनि पक्राउ पर्ने क्रम रोकिएको छैन। इलाका प्रहरी कार्यालय लौकहीले इटहरी–९ निवासी २१ वर्षीय संगम श्रेष्ठलाई १ ग्राम ७ मिलिग्राम लागूऔषधसहित पक्राउ गरेको थियो। प्रहरी चौकी भरौलले रामधुनीका दुई युवालाई ट्रूमाडोल १७८ क्याप्सुल र विभिन्न प्रकारका ११२ ट्याब्लेटसहित नियन्त्रणमा लिएको थियो भने अस्थायी प्रहरी चौकी बरगाछीले धरान–८ का २१ वर्षीय उमङ्ग राईलाई ट्रूमाडोल ६१२ क्याप्सुल र क्लारो ५८० चक्कीसहित पक्राउ गरेको थियो। यी घटनाले लागूऔषधको कारोबार केवल सीमावर्ती क्षेत्रमा मात्र सीमित नभई सहरी तथा अर्धसहरी क्षेत्रमा समेत फैलिएको देखाउँछन्।

प्रदेश प्रहरी कार्यालय कोशीका अनुसार लागूऔषध नियन्त्रणका लागि विद्यालय तथा कलेज केन्द्रित सचेतना कार्यक्रम, समुदाय–प्रहरी साझेदारी, सीमा क्षेत्रमा संयुक्त निगरानी, आकस्मिक चेकिङ तथा विशेष अपरेशन नियमित रूपमा सञ्चालन हुँदै आएका छन्। लागूऔषध नियन्त्रण ब्युरोसँगको समन्वयमा हुने अभियानले धेरै कारोबारीलाई पक्राउ गर्न सफलता पनि दिलाएको छ। तर पक्राउको संख्या बढिरहनुले माग र आपूर्ति दुवै पक्ष अझै सक्रिय रहेको देखाउँछ।

लागूऔषध प्रयोगमा विशेषगरी १८ देखि ३५ वर्ष उमेर समूहका युवाको संलग्नता बढी देखिनु अर्को चिन्ताको विषय हो। बेरोजगारी, गलत संगत, सीमापारको सहज पहुँच, पारिवारिक निगरानीको अभाव, मानसिक तनाव तथा सामाजिक विकृतिले युवालाई लागूऔषधतर्फ आकर्षित गरिरहेको विज्ञहरू बताउँछन्। धेरैजसो प्रयोगकर्ता पछि कारोबारी वा ओसारपसारमा समेत संलग्न हुने प्रवृत्तिले समस्या थप जटिल बनाएको छ।

लागूऔषध नियन्त्रण केवल प्रहरीको प्रयासले मात्र सम्भव छैन। यसका लागि परिवार, विद्यालय, स्थानीय सरकार, नागरिक समाज, स्वास्थ्य संस्था र समुदाय सबैको साझा भूमिका आवश्यक छ। विद्यालय तहदेखि नै लागूऔषधका असरबारे प्रभावकारी शिक्षा, जोखिममा रहेका युवाको पहिचान, उपचार तथा पुनःस्थापना सेवाको विस्तार, रोजगारी सिर्जना र सीमा क्षेत्रमा कडा निगरानीलाई सँगसँगै अघि बढाउनुपर्ने आवश्यकता देखिएको छ।

## जीवन बदल्ने / प्रेरक प्रसंग

कति व्यक्तिलाई आफ्नो सुख सुविधा र उत्कृष्ट जीवनशैलीमा घमण्ड हुन्छ । त्यसकारण उनीहरू अरूलाई खासै महत्व दिंदैनन् । घमण्डका कारण थुप्रै समस्या बढ्न सक्छन् । यहाँ यस्तै एउटा प्रेरक प्रसंगबारे कुरा गरिएको छ जसमा समय जुनसुकै बेला पनि परिवर्तन हुन सक्ने जानकारी दिंदै कसैले पनि घमण्ड गर्न नहुने बताइएको छ ।

- प्रचलित लोक कथा अनसार पुरानो समयमा एक राजकुमार शिक्षाका लागि आश्रम जाने बेला सधैंजसो एक वृद्ध व्यक्तिलाई भिख मागिरहेको देख्ने गर्थे । ती वृद्ध बाटोमै बसिरहन्थे र त्यहाँ आवतजावत गर्ने बटुवासँग पैसा र खाना माग्ने गर्दथे । उनले राम्रोसँग खान पाउँदैनथे त्यसकारण उनी निकै दुब्लो थिए, उनको कपडा पनि निकै फोहोर हुन्थे ।

- राजकुमारसँग सुख सुविधाका हरेक वस्तु थिए तर उनले ती वृद्ध व्यक्तिलाई फिटिक्कै मन पराउँदैनथे । एकदिन उनले भिख माग्ने व्यक्तिलाई भने, 'तिमीसँग केही पनि छैन, भिख माग्छौ, यस्तो जीवन किन बाँच्न चाहन्छौ ? किन भागवानलाई आफू भएठाउँ चाँडै नै बोलाउन प्रार्थना गर्दैनौ ?'

- वृद्ध व्यक्तिले भने, 'म सधैं साँझ बिहान भगवानसँग आफ्नो जीवन कुनै कामको नभएको भन्दै मलाई उहाँहरू भएठाउँ बोलाउन प्रार्थना गर्छु तर भगवानले मेरो प्रार्थना सुन्नु नै हुन्नँ । सायद भगवान म यसै दुनियाँमा रहूँ भन्ने चाहनुहुन्छ ता कि मानिसहरूले मलाई देखेर समय जुनसुकै बेला परिवर्तन हुनसक्छ भन्ने जानून् ।'

- उनले राजकुमारलाई भने, 'कुनै बेला मसँग पनि धन थियो । मसँग पनि सुख सुविधा थिए तर मैले कहिले पनि मानिसहरूको मद्दत गरिनँ, मलाई मेरो रूप रंग र धनमा घमण्ड थियो । अब मेरो सबैकुरा बर्बाद भएको छ, मसँग खानका लागि खाना छैन, लगाउनका लागि कपडा छैन । मलाई देखेर सबैले यो बुझ्नुपर्छ कि कसैले पनि घमण्ड गर्नु हुँदैन, सुख-दुःख आइरहन्छन्, समय जुनसुकै बेला पनि परिवर्तन हुनसक्छ ।

**ग्राहक वर्गको सन्तुष्टी नै हाम्रो सफलता हो । यसर्थ सुन तथा चाँदीका गरगहना तथा आर्थिक लेनदेनको भरपर्दो र विश्वासिलो ठाउँमा आएर आफ्नो रोजाईका गहना खरिद तथा वित्तिय कारोबार गर्नुहोस् ।**



**सुनचाँदी तथा मनि ट्रान्सफर**
**इटहरी, सुनसरी**

## कविता — नविन मनोहर

# कुरुक्षेत्र



सबै युद्धहरु लडन
युद्ध मैदान नै हुनु पर्दैन
कति युद्धहरु मायामा लडिन्छन्
कति युद्धहरु प्रतिस्पर्धामा पनि
बढिन्छन्
ओ युगकी महानायिका
ओ युगकी स्रग्धरमयी अप्सरा
यहाँ हरेक षोडषीको कूच मर्दनका
खातिर
एउटा नायक भनाउँदो
जीवनभर लखर लखर तिम्रा
अघिपछि गर्दछ
कहिले त्यो मादा खुसी पार्न
महाकाव्य फुराउँछ
कहिले त्यो भार्या नजिक ल्याउन
उपन्यास नै जुराउँछ
जे छैन संसारमा
भलिभाँती बखान र व्याख्या गर्दछ
जे छ संसारमा त्यसको वास्ता पास्ता
गर्दैन,
पुरुषहरु यहाँ सबै कुपुरुष हुन्
सबका सब कम्बल ओढेर घिउ
खान्छन्
भन्नेले भलिभाँती भनेका छन्
यहाँ स्त्रीको कमजोरी गहना
र पुरुषको कमजोरी स्त्री हुन्
लक्ष्मणले त्यसै
कहाँ शवरीको जुठो बयर खाएका
हुन् र ?
कृष्णले त्यसै
आफूलाई राधाको प्रेमपाशमा
फँसाएका हुन् र ?
द्रौपदीको सुन्दरतामा लट्ठीएर
माया महलमा अझै
कुनै युधिष्ठिर बेहिचक लड्न सक्छ
सीताको आभामा रन्थनिएर
पञ्चवटीको अरण्यमा अझै कुनै
रावण
बेफिक्री पुंषत्व देखाएर ढुक्रन सक्छ
संसार अधिकार र कर्तव्यको पाठ
पढाउँदै छ अनवरत
भालेहरु बेलगाम जुधिरहेका छन्
पोथी प्राप्तिका लागि अनवरत,
शास्त्रहरु तिनै कामातुर परिच्छेदमा
धुलिसात भए

## दमक नगरपालिकाको अनुरोध

- बालश्रमको प्रयोग नगरौं । नगरपालिकालाई बालश्रममुक्त नगर बनाऔं। सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुवै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्षा दिक्षामा ध्यान दिऔं ।
- नगरपालिकालाई महिला हिंसा रहित बनाउने अभियानमा सबैजना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तरगत जन्म, विवाह, बसाइसराइ, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनि विकासको हरेक काम कारवाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं । सावजनिक स्थलमा जतातत्तै फोहरमैला नफालौं ।
- स्वस्थ्य रहन सरसफाइमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाब गरेपछि साबुन पानीले हातधुने बानी बसालौं, जसबाट माहामारीका रुपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनिका बच्चाहरुलाई नजिकको स्वास्थ्य संस्थामा गई मासिक रुपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।

**दमक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**दमक, झापा**

# कोशीमा धान रोपाइँको अवस्था



**इटहरी ।** कोशी प्रदेशमा ५४ प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ । मनसुन सक्रिय भएसँगै धान रोपाइँले तीव्रता पाएको छ । असारको अन्तिम सातामा भएको पर्याप्त वर्षाका कारण रोपाइँ गर्ने दरमा उल्लेख्य वृद्धि भएको हो । कृषि विकास निर्देशनालय, विराटनगरले सार्वजनिक गरेको पछिल्लो तथ्यांक अनुसार कोशी प्रदेशमा एक साताको अवधिमा धान रोपाइँको क्षेत्रफलमा झण्डै २३ प्रतिशतले वृद्धि भएको छ ।

निर्देशनालयको असार २२ गतेको प्रतिवेदन अनुसार प्रदेशमा ३१.९४ प्रतिशत मात्र रोपाइँ भएको थियो । तर, वर्षामा सुधार आएसँगै असार २९ गतेसम्म आइपुग्दा रोपाइँको कुल प्रगति ५४.८६ प्रतिशत पुगेको छ । कोशी प्रदेशमा धान खेतीयोग्य कुल २ लाख ७६ हजार ४५६ हेक्टर जमिनमध्ये हालसम्म १ लाख ५१ हजार ६१९ हेक्टरमा रोपाइँ सम्पन्न भइसकेको छ । यो समय धान रोपाइँको मध्य र मुख्य समय भएकाले पनि खेतमा किसानको चटारो बढेको देखिन्छ ।

भौगोलिक अवस्थितिका आधारमा हेर्दा कोशीको मध्य पहाडी भेगमा सबैभन्दा बढी ६१.०९ प्रतिशत रोपाइँ सकिएको छ । त्यस्तै, तराईका तीन जिल्ला झापा, मोरङ र सुनसरीमा ५३.६६ प्रतिशत क्षेत्रफलमा धान रोपिएको छ भने उच्च पहाडी जिल्लाहरूमा ४२.५१ प्रतिशत प्रगति भएको छ । जिल्लागत रूपमा हेर्दा सोलुखुम्बुमा ७५ प्रतिशत, खोटाङमा ७५.३६ प्रतिशत र भोजपुरमा ७५ प्रतिशत रोपाइँ सम्पन्न भइसकेको छ । तराईका जिल्लाहरूमध्ये झापामा ६१.८० प्रतिशत, मोरङमा ४६ प्रतिशत र सुनसरीमा ५२ प्रतिशत रोपाइँ सकिएको निर्देशनालयको तथ्यांकमा उल्लेख छ ।

पछिल्लो समय वर्षा नियमित भइरहेकाले आकाशे पानीको भरमा रहेका किसानलाई ठूलो राहत मिलेको छ । अघिल्लो वर्षको तुलनामा यो वर्ष समयमै मनसुन सक्रिय भएकाले रोपाइँको दर पनि उत्साहजनक देखिएको छ । तर, रोपाइँको यो मुख्य समयमा किसानहरूले प्रकृतिको साथ पाए पनि सरकारको साथ पाउन सकेका छैनन् । रोपाइँको चटारोबीच किसानहरुले रासायनिक मलको चरम अभाव झेल्नुपरेको छ ।

विशेषगरी धान रोप्ने बेला आधारभूत रूपमा चाहिने डीएपी मलको बजारमा ठूलो हाहाकार छ । रोपाइँ सकेका किसानहरु अब हाल्नुपर्ने युरिया मलको खोजीमा भौतारिरहेका छन्, तर सरकारी डिपो र सहकारीहरूमा मलको मौज्दात रित्तिएको छ ।

सरकारले हरेक वर्ष समयमै मल उपलब्ध गराउने आश्वासन दिए पनि व्यवहारमा किसानले सधैँ झैँ यसपटक पनि मुख्य सिजनमै सास्ती खेप्नुपरेको छ । समयमा मल हाल्न नपाउँदा धानको उत्पादन घट्ने चिन्ताले यतिबेला कोशीका कृषकहरूलाई पिरोलेको छ ।

# दमक नगरको अधिकांश सेवामा सेवाग्राही सन्तुष्ट

## अस्पताल, मल, पार्किङ र हेल्प डेस्कमा सुधार गर्न सुझाव



दमक । दमक नगरपालिकाको सेवा प्रवाहप्रति अधिकांश नागरिक सन्तुष्ट देखिएका छन् । नगरपालिकाले सार्वजनिक सुनुवाइ कार्यक्रमअन्तर्गत तयार गरेको नागरिक प्रतिवेदन पत्र अनुसार सेवाग्राहीमध्ये अधिकांशले नगरपालिकाको सेवा, कर्मचारीको व्यवहार र कार्यालयको नियमितताप्रति सकारात्मक प्रतिक्रिया दिएका छन् । यद्यपि दमक अस्पतालको सेवा, हेल्प डेस्क, पार्किङ व्यवस्थापन, कृषि मलको उपलब्धता तथा वडा कार्यालयमा प्राविधिक जनशक्ति अभावलगायतका विषयमा सुधार आवश्यक रहेको नागरिकले औंल्याएका छन् ।

कार्यक्रममा प्रतिवेदन प्रस्तुत गर्दै बाबुराम निरौलाले नगरपालिकाका विभिन्न वडाका १८२ जना नागरिकसँग प्रत्यक्ष अन्तर्वार्ता गरी प्रतिवेदन तयार गरिएको जानकारी दिए । प्रतिवेदनमा महिला, दलित, जनजाति, बालबालिका तथा पिछडिएको समुदायको समेत सहभागिता रहेको उनले बताए ।

प्रतिवेदनअनुसार ५५ प्रतिशत सेवाग्राही नगरपालिकाको समग्र सेवा प्रवाहप्रति सन्तुष्ट छन् भने ४० प्रतिशतले सेवा 'ठीकै' रहेको र ५ प्रतिशतले असन्तुष्टि जनाएका छन् । कर्मचारीको व्यवहारप्रति ५१ प्रतिशत सन्तुष्ट, ४३ प्रतिशतले सामान्य र ६ प्रतिशतले असन्तुष्टि व्यक्त गरेका छन् ।

सेवा नियमितताका विषयमा ४८ प्रतिशतले नागरिक वडापत्रअनुसार सेवा प्राप्त भएको बताएका छन् भने ४० प्रतिशतले 'ठीकै' र १२ प्रतिशतले समयमै सेवा नपाएको गुनासो गरेका छन् । कार्यालय नियमित सञ्चालन हुनेमा ५८ प्रतिशत नागरिक विश्वस्त देखिएका छन् । सबै उत्तरदाताले सेवा लिन अतिरिक्त रकम तिर्नु नपरेको बताएका छन्, जुन प्रतिवेदनको सकारात्मक पक्षका रूपमा उल्लेख गरिएको छ ।

नागरिकको विश्वासका हिसाबले पनि नगरपालिकाको अवस्था उत्साहजनक देखिएको छ । ५३ प्रतिशतले नगरपालिकाको सेवाप्रति विश्वास व्यक्त गरेका छन् भने ४४ प्रतिशतले मध्यम र ३ प्रतिशतले मात्र अविश्वास जनाएका छन् । सेवा लिँदा ९८ प्रतिशत सेवाग्राहीले कुनै बिचौलियाको सहयोग नलिई आफैं सेवा लिएको प्रतिवेदनमा उल्लेख छ ।

बहिर्गमन अभिमतमा पनि सेवा प्रवाहप्रति सकारात्मक धारणा देखिएको छ । ६१ प्रतिशत सेवाग्राहीले कर्मचारीको व्यवहार मिलनसार र मैत्रीपूर्ण रहेको बताएका छन् । ५७ प्रतिशतले आवश्यक सूचना स्पष्ट रूपमा पाएको, ४३ प्रतिशतले आफ्ना समस्या सहज रूपमा समाधान भएको र ३९ प्रतिशतले सेवा प्रक्रिया सजिलो रहेको प्रतिक्रिया दिएका छन् ।

यद्यपि प्रतिवेदनले नगरपालिकाले तत्काल सुधार गर्नुपर्ने केही क्षेत्र पनि औंल्याएको छ । नागरिकले योजना बैंकका आधारमा बजेट विनियोजन गर्न, नागरिक वडापत्र प्रभावकारी बनाउन, सुझाव पेटिकाको उपयोग बढाउन, व्यवसाय दर्ता अनिवार्य गर्न तथा बहाल कर व्यवस्थापन सुधार गर्न सुझाव दिएका छन् ।

त्यसैगरी दमक अस्पतालको भौतिक पूर्वाधार सुधार, नियमित औषधि उपलब्ध गराउने व्यवस्था, नदी नियन्त्रण, सभागृह र भ्यु टावर सञ्चालनका लागि कार्यविधि निर्माण, किसानलाई मल तथा बीउ वडाबाटै वितरण, हेल्प डेस्कलाई प्रभावकारी बनाउने, जनप्रतिनिधिको नियमित उपस्थिति सुनिश्चित गर्ने, पार्किङ व्यवस्थापन तथा वडा कार्यालयमा आवश्यक प्राविधिक कर्मचारीको व्यवस्था गर्नुपर्ने सुझाव प्रतिवेदनमा समेटिएका छन् ।

नगरपालिकाले सार्वजनिक सुनुवाइमार्फत् नागरिकबाट प्राप्त सुझाव र गुनासालाई आगामी नीति, योजना तथा सेवा प्रवाह सुधारका आधारका रूपमा लिने जनाएको छ । प्रतिवेदनले समग्रमा सेवा प्रवाहप्रति नागरिकको विश्वास कायम रहेको देखाए पनि आधारभूत सेवा र पूर्वाधार व्यवस्थापनमा अझ सुधारको आवश्यकता औंल्याएको छ ।

# चारसय बढी स्थानीय तहमा जग्गा कित्ताकाट रोक्का



दमक । भूमिको वर्गीकरण सम्पन्न नगरेका देशभरका ४०५ स्थानीय तहमा साउन १ गतेदेखि जग्गाको कित्ताकाट रोकिएको छ।

भूउपयोग नियमावलीअनुसार असार मसान्तभित्र भूमिको वर्गीकरण सम्पन्न गर्नुपर्ने व्यवस्था रहेकामा तोकिएको समयभित्र काम पूरा नगरेका स्थानीय तहमा आजदेखि कित्ताकाट स्वतः बन्द भएको हो।

नापी विभागका निर्देशक दयानन्द जोशीका अनुसार देशभरका ७५३ स्थानीय तहमध्ये हालसम्म करिब ३४८ स्थानीय तहले मात्र भूमिको वर्गीकरण गरी विवरण सम्बन्धित निकायमा पठाएका छन् । बाँकी स्थानीय तहले प्रक्रिया पूरा नगरेकाले ती क्षेत्रमा कित्ताकाट रोकिएको उनले बताए ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका प्रवक्ता गणेशप्रसाद भट्टले नियमावलीमा असार मसान्तसम्म वर्गीकरण सम्पन्न गर्नुपर्ने स्पष्ट व्यवस्था भएकाले समयसीमा नपुगेका स्थानीय तहमा कित्ताकाट रोकिएको जानकारी दिए ।

उनका अनुसार यो निर्णयले अंशबन्डामा भने कुनै असर पार्ने छैन। जग्गा बिक्रीका लागि टुक्र्याउने वा व्यावसायिक प्लटिङका लागि गरिने कित्ताकाट मात्र रोकिएको हो ।

भूउपयोग ऐन, २०७६ र भूउपयोग नियमावली, २०७९ अनुसार स्थानीय तहले आफ्नो क्षेत्रभित्रको जग्गालाई कृषि, आवासीय, व्यावसायिक, औद्योगिक, वन, खानी तथा खनिजलगायत १० प्रकारमा वर्गीकरण गर्नुपर्ने व्यवस्था छ। सरकारले यसअघि तीन पटकसम्म म्याद थप गरे पनि धेरै स्थानीय तहले वर्गीकरणको काम पूरा गर्न सकेका छैनन् ।

यसैसँगै जग्गा कित्ताकाटसम्बन्धी नयाँ मापदण्ड पनि साउन १ गतेदेखि लागू भएको छ। नयाँ व्यवस्थाअनुसार आवासीय जग्गाको न्यूनतम कित्ताकाट सीमा १३० वर्गमिटरबाट घटाएर ८० वर्गमिटर कायम गरिएको छ भने कृषि जमिनको कित्ताकाटमा थप कडाइ गरिएको छ ।

# केही रोचक तथ्यहरू

## छाताको कथा

हज्जारौं वर्ष पहिलेदेखि नै घाम तथा पानीबाट बच्न छाता ओढ्ने चलन रहेको पाइन्छ । प्राचीन कालमा कतिपय समाजमा त छाताको आकार र रंगले तिनीहरूको सामाजिक हैसियत समेत दर्शाउने गर्थ्यो । छाताको आविष्कार कहिले र कसले गर्यो भन्ने कुरा अहिलेसम्म किटानी भन्न सकिने स्थिति छैन । तर इतिहासकारहरूको मतमा छाताको आविष्कार चीनमा भएको हो ।

## भाषाबारे यो तथ्य

संसारमा सबैभन्दा बढी देशहरूमा बोलिने भाषा अंग्रेजी हो । तर सबैभन्दा बढी बोलिने भाषा चाहिँ चिनियाँ भाषा (:बलमबचष्ल० हो । संसारमा करीब तीन हजारवटा विभिन्न भाषाहरू बोलिन्छन् । औसत रूपमा एउटा व्यक्तिले एक दिनमा ४ हजार वटा शब्दहरू बोल्ने गर्छन् । संसारमा सबैभन्दा बढी शब्दहरू भएको भाषा अंग्रेजी हो । सबैभन्दा सानो शब्द अंग्रेजी वर्णमालाको ब हो भने सबैभन्दा बढी बोलिने अक्षर पनि अंग्रेजी वर्णमालाकै क्ष हो ।

## सबैभन्दा बढी बच्चा हुने राष्ट्रपति

अमेरिकाको इतिहासमा सबैभन्दा बढी बालबच्चा हुने राष्ट्रपतिको रूपमा जोन टायलर (व्यजल त्थभिच) को नाम अग्रपंक्तिमा आउँछ । अप्रिल ६, १८४१ देखि मार्च ३, १८४५ सम्म अमेरिकाको राष्ट्रपति पद सम्हालेका जोन टायलरका जम्मा १५ जना बालबच्चाहरू थिए ।

## शनि ग्रहको चुम्बकीय क्षेत्र

प्रत्येक ग्रहको चुम्बकीय क्षेत्र हुन्छ । कुनै ग्रहको कम हुन्छ त कुनै ग्रहको बढी । अमेरिकाको मानवरहित यान 'पायोनियर- ११' ले पत्ता लगाएअनुसार, शनिग्रहको चुम्बकीय क्षेत्र पृथ्वीको भन्दा १,००० गुना बढी शक्तिशाली छ । तर बृहस्पति ग्रहको भन्दा चाहिँ २० गुना कमजोर । हेक्का रहोस्, उक्त अमेरिकी यान सन् १९७९ मा शनिग्रहको २०,८०० किलोमिटर नजिकबाट उडेको थियो ।

## प्रकाशको गति

अति छिटो छरितो वा फूर्तिसँग काम गर्ने मान्छेलाई 'बिजुलीजस्तो छिटो' भन्ने चलन हामीकहाँ छ । 'बिजुलीजस्तो छिटो' भन्नुको अर्थ नै अति छिटो भन्ने बुझिन्छ । वास्तवमा, बिजुली रू(प्रकाश) को गति पनि अति छिटो नै हुन्छ । एक सेकेण्डमा प्रकाशले २,९९,७६२,४५८ मिटरको दूरी पार गर्छ ।

## पृथ्वीको तौल बढ्दैछ

रूसी वैज्ञानिकहरूले जनाएअनुसार, पृथ्वीको तौल लगातार बढिरहेको छ । तर तौल बढ्ने यो गति अति सुस्त रहेको छ । वार्षिक रूपमा बढेको पृथ्वीको तौलको आधारमा रूसी वैज्ञानिकहरूले जनाएअनुसार, गत ५०० मिलियन वर्षमा पृथ्वीको कूल तौलको एक प्रतिशत तौलको सय हिस्साको एक हिस्सा तौल बढेको छ ।

## व्यापारीको आवाजदेखि सामाजिक नेतृत्वसम्म

# दमकका गोपाल गुरागाईको यात्रा



दमक । मुलुकको अर्थतन्त्र सुस्त छ । बजारमा किनबेच घटेको छ । निजी क्षेत्र लगानी विस्तार गर्न हिच्किचाइरहेको छ । यस्तै चुनौतीपूर्ण अवस्थामा दमक उद्योग वाणिज्य संघको नेतृत्व सम्हालिरहेका **गोपाल गुरागाई** भने अर्थतन्त्र चलायमान बनाउन सरकार र निजी क्षेत्रबीच विश्वासको सम्बन्ध बलियो हुनुपर्ने बताउँछन् । उनका अनुसार कर बढाएर मात्र अर्थतन्त्र उकास्न सकिँदैन, बरु नीतिगत स्थिरता, सुरक्षित लगानी वातावरण र पूर्वाधार विकास नै आर्थिक पुनरुत्थानका आधार हुन् ।

झापाको दमक उद्योग वाणिज्य संघका अध्यक्ष गुरागाई अहिलेको व्यापारिक मन्दीलाई केवल बजारको समस्या नभई समग्र आर्थिक संरचनासँग जोडिएको चुनौतीका रूपमा हेर्छन् । उनी भन्छन्, "सरकारले निजी क्षेत्रलाई साझेदारका रूपमा लिनुपर्छ । व्यवसायीलाई शंकाको दृष्टिले होइन, अर्थतन्त्रका सहयात्रीका रूपमा हेर्न सके मात्रै लगानी बढ्छ ।"

उनका अनुसार पछिल्लो समय 'हेलो सरकार'मा परेको उजुरीका आधारमा तत्काल व्यवसायीमाथि कारबाही गर्ने प्रवृत्तिले व्यापारीमा असुरक्षाको भावना बढाएको छ । कुनै पनि निर्णय गर्नुअघि सम्बन्धित व्यवसायीसँग तथ्य र प्रमाणका आधारमा छलफल हुनुपर्ने उनको धारणा छ । "सबै व्यवसायी गलत हुँदैनन्," उनी भन्छन्, "गल्ती गर्ने कारबाहीमा परून्, तर सबैलाई एउटै दृष्टिले हेर्नु उचित हुँदैन ।"

पूर्वी नेपालको सम्भावनायुक्त व्यापारिक केन्द्र मानिएको दमकले पछिल्ला वर्षहरूमा अपेक्षाअनुसार गति लिन नसकेको उनी स्वीकार्छन् । यसको प्रमुख कारणका रूपमा उनले दमक-रवि सडक समयमै सम्पन्न हुन नसक्नु रहेको बताउँछन् । उक्त सडक पूरा भएको भए पाँचथर, इलाम, ताप्लेजुङ, तेह्रथुम र संखुवासभासँग दमकको व्यापारिक सम्बन्ध अझ बलियो हुने उनको विश्वास छ । पहाडका कृषि उत्पादन सहज रूपमा दमकसम्म आउन र यहाँबाट उपभोग्य सामग्री माथिल्लो जिल्लामा पुग्न सके दमक पूर्वी पहाडको प्रमुख व्यापारिक प्रवेशद्वार बन्ने उनको तर्क छ ।

सरकारसँग टकरावभन्दा सहकार्य आवश्यक रहेको उनको धारणा छ । कर प्रणालीलाई सरल, व्यवहारिक र सबैका लागि समान रूपमा लागू गर्नुपर्नेमा उनले जोड दिएका छन् । नियमित कर तिर्ने व्यवसायीमाथि मात्रै निगरानी बढाउने र कर छल्नेलाई छुट दिने प्रवृत्तिले इमानदार व्यवसायी निरुत्साहित हुने उनी बताउँछन् ।

दोस्रो कार्यकालका लागि अध्यक्ष निर्वाचित गुरागाई आफ्नो पहिलो कार्यकालको सबैभन्दा ठूलो उपलब्धि संस्थाको आर्थिक अवस्था सुदृढ बनाउनु रहेको बताउँछन् । उनले नेतृत्व सम्हाल्दा संघको कोषमा करिब डेढ करोड रुपैयाँ रहेकोमा अहिले बढेर दुई करोड ५० लाख रुपैयाँ पुगेको छ । यस अवधिमा संघले व्यवसाय दर्ता, नवीकरण, कर परामर्श, लेखा व्यवस्थापन, डिजिटल सेवा र सरकारी निकायसँग समन्वयमा व्यवसायीलाई सहजीकरण गर्दै आएको छ ।

अब उनको प्राथमिकतामा दमक-८ मा आधुनिक सीप विकास केन्द्र निर्माण छ । करिब दुई करोड ५० लाख रुपैयाँ लागत अनुमान गरिएको परियोजनाअन्तर्गत बजारको मागअनुसार व्यावसायिक तालिम सञ्चालन गर्ने योजना छ । तालिम लिएपछि युवाले स्वरोजगार बन्न सकून् भन्ने उद्देश्यले निःशुल्क प्रशिक्षण सञ्चालन गर्ने तयारी भइरहेको उनी बताउँछन् ।

गोपाल गुरागाईको यात्रा व्यापारिक सफलतामा मात्र सीमित छैन । २०३२ साल जेठ २२ गते ताप्लेजुङको फुङ्लिङमा जन्मिएका उनी सामान्य परिवारबाट आएका हुन् । एसएलसीपछि उच्च शिक्षा अध्ययनका लागि काठमाडौं पुगेका उनले रत्नराज्य क्याम्पसमा पढ्दै सडकमा रेडिमेड कपडाको भारी बोकेर जीविका चलाए । यही संघर्षले उनलाई व्यापार सिकायो । पछि भृकुटीमण्डपमा आफ्नै रेडिमेड कपडा व्यवसाय सुरु गरे । अध्ययनलाई निरन्तरता दिँदै उनले महेन्द्ररत्न क्याम्पसबाट बीएड र त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर पूरा गरे । २०६० सालदेखि भने उनले दमकलाई स्थायी कर्मथलो बनाए ।

व्यापारसँगै सामाजिक क्षेत्रमा पनि उनको सक्रियता उल्लेखनीय छ । दमक जेसीजमा करिब एक दशक विभिन्न जिम्मेवारी सम्हालेका उनले नेतृत्व विकासको आधार त्यही संस्थालाई मान्छन् । साधना बचत तथा ऋण सहकारी संस्थाका संस्थापक अध्यक्ष, रोटरी क्लब अफ दमकका सक्रिय सदस्य तथा दमक उद्योग वाणिज्य संघको कार्यसमिति सदस्य, महासचिव, वरिष्ठ उपाध्यक्ष हुँदै अध्यक्षसम्मको यात्रा उनले तय

**पूर्वी नेपालको सम्भावनायुक्त व्यापारिक केन्द्र मानिएको दमकले पछिल्ला वर्षहरुमा अपेक्षाअनुसार गति लिन नसकेको उनी स्वीकार्छन् । यसको प्रमुख कारणका रुपमा उनले दमक-रवि सडक समयमै सम्पन्न हुन नसक्नु रहेको बताउँछन् । उक्त सडक पूरा भएको भए पाँचथर, इलाम, ताप्लेजुङ, तेह्रथुम र संखुवासभासँग दमकको व्यापारिक सम्बन्ध अझ बलियो हुने उनको विश्वास छ । पहाडका कृषि उत्पादन सहज रुपमा दमकसम्म आउन र यहाँबाट उपभोग्य सामग्री माथिल्लो जिल्लामा पुग्न सके दमक पूर्वी पहाडको प्रमुख व्यापारिक प्रवेशद्वार बन्ने उनको तर्क छ ।**



गरेका छन् ।

दमकमा भएको जेन-जी आन्दोलनका क्रममा क्षति पुगेको इलाका प्रहरी कार्यालयको भवन पुनर्निर्माणका लागि स्थानीय सहयोग जुटाउने अभियानमा पनि उनले अग्रणी भूमिका खेले । समाजका विभिन्न क्षेत्रलाई जोडेर सार्वजनिक संरचना पुनःनिर्माणमा नेतृत्व गर्नु आफ्नो सामाजिक दायित्व भएको उनी बताउँछन् ।

हालै अष्ट्रेलिया भ्रमण गरेर फर्किएका गुरागाईले विकसित मुलुकबाट नेपालले सिक्नुपर्ने मुख्य विषय प्रणाली, अनुशासन र कार्यसंस्कृति रहेको अनुभव सुनाउँछन् । "त्यहाँ व्यक्ति होइन, प्रणाली बलियो छ," उनी भन्छन्, "नेपालमा पनि नीति स्थिर भयो, नियम सबैका लागि समान रूपमा लागू भयो भने व्यापार र लगानी दुवै बढ्छ ।"


आगामी दिनमा समाजसेवामा अझ सक्रिय हुने लक्ष्य लिएका गुरागाई दमकको आर्थिक विकाससँगै उद्यमशील युवाको संख्या बढाउन चाहन्छन् । व्यवसायीलाई व्यवसाय दर्ता गर्न, कानुनी रूपमा सञ्चालन गर्न र उद्योग वाणिज्य संघसँग समन्वय गरेर राज्यका सेवा-सुविधा उपयोग गर्न उनले आग्रह गर्दै स्थानीय तहबाटै समृद्धिको आधार निर्माण गर्न सकिने विश्वास व्यक्त गर्छन् ।

(गुरागाईसँगको कुराकानीमा आधारित)

## इतिहासको पानाबाट

### भारतीय हस्तक्षेपको सुत्रपात

# राजा त्रिभुवनलाई भारतमा शरण



तत्कालीन राजा त्रिभुवनले भारतीय दूतावासमा शरण लिनु, केही समयपछि भारत निर्वासनमा जानु, राणा शासनले घोषणा गरेका नयाँ राजालाई भारतले मान्यता नदिनु, जहानियाँ राणा शासन अन्त्यका लागि नेपाली कांग्रेसले गरेको आन्दोलनमा भारतको नैतिक र कूटनीतिक समर्थन जस्ता कारणले नै नेपालमा २००७ साल फागुन ७ गते राणा शासन अन्त्य भयो । नेपालमा राणा शासन अन्त्य हुनुमा कांग्रेसले गरेको सशस्त्र आन्दोलन प्रमुख कारण थियो ।

तर तत्कालीन परिवेशमा भारतीय सहयोग नहुँदो हो त आन्दोलन थालेको छोटो अवधिमै १०४ वर्षे राणा शासन पतन हुने थिएन । यसमा भारतीय मध्यस्थता रहेको धेरैको बुझाइ छ । सोही भूमिकाका आधारमा नेपालमा कतिपयले भारतीय हस्तक्षेपको सुरुवात भन्ने गरेका छन् । त्यति बेला भारतले नेपालमाथि हस्तक्षेप गरेको थियो वा तत्कालीन भूराजनीतिक परिस्थितिमा आवश्यकता र बाध्यता थियो भन्ने बुझ्नचाहिँ सात सालतिरै फर्कनुपर्ने हुन्छ । राजा त्रिभुवनले भारतीय दूतावासमा शरण लिएदेखि दिल्ली पुगेर नेपाल फर्केसम्मको घटनाक्रमलाई तत्कालीन समयका केही पत्रपत्रिकामा प्रकाशित समाचार एवं दस्तावेजका आधारमा तयार पारिएको यो सामग्रीले केही हदसम्म भारतीय हस्तक्षेप वा मध्यस्थता के हो भन्ने बुझ्न सहयोग पुग्न सक्छ ।

राणा शासनविरुद्ध २००७ सालमा नेपाली कांग्रेसले थालेको सशस्त्र क्रान्तिमा राजा त्रिभुवनले काठमाडौँस्थित भारतीय दूतावासमा शरण लिनु र नयाँदिल्लीमा निर्वासन हुनु अत्यन्तै महत्वपूर्ण घटना थियो । त्यतिबेला एकातिर कांग्रेसले देशभर राणाविरुद्ध सशस्त्र आन्दोलन गरिरहेको थियो । अर्कोतिर राजा त्रिभुवन दिल्लीमा निर्वासित भएर राणा सरकारलाई कूटनीतिक दबाब बढाउँदै थिए । त्यसो त आन्दोलनका लागि नेपाली कांग्रेस मैदानमा उत्रनुअगावै राजाले दूतावासमा शरण लिइसकेका थिए । राजाले देश छाड्ने निर्णयलाई कांग्रेसले प्रेरणाका रूपमा लिएर आन्दोलन चर्काएको थियो ।

भारतले राणा शासनविरुद्ध लड्न आन्दोलनकारी कांग्रेसीलाई आफ्नो जमिनसमेत उपलब्ध गराएको थियो । त्यसलाई आन्दोलनमा भारतको नैतिक, भौतिक र कूटनीतिक सहायताका रूपमा चित्रण गर्न सकिन्छ । आन्दोलनमा जहानियाँ शासन अन्त्य गर्ने लक्ष्यसाथ अगाडि बढेको कांग्रेसले आन्दोलनकारी संगठन, हतियारको बन्दोबस्त, सैन्य दस्ता निर्माणलगायत आन्दोलनका लागि आवश्यक पर्ने सम्पूर्ण व्यवस्था आफैँले गरेको थियो । तर  त्यसमा भारतीय सदासयतालाई पनि नजरअन्दाज गर्न सकिँदैन ।

इतिहासका जानकारहरू २००७ सालको आन्दोलनको छोटो अवधिमा नै प्रजातन्त्र आउनुलाई राजा त्रिभुवनको भारत निर्वासनलाई समेत निर्णायक कडीका रूपमा चित्रण गर्छन् । एकातिर राजालाई आफ्नै नियन्त्रणमा राखेको र अर्कोतर्फ कांग्रेसले भारतबाटै आन्दोलन गरिरहेकाले त्यसको नियन्त्रणसमेत आफ्नै ठानेकाले भारतको भूमिका निर्णायक ठहर भएको थियो । राजा र कांग्रेस दुवैका तर्फबाट भारत नेपालको राणा सरकारसँग मोलतोल गर्ने भूमिकामा पुग्यो । नेपालबाट दिल्ली पुगेका राणा सरकारका प्रतिनिधि राजा र कांग्रेससँग नभई भारतीय विदेश मन्त्रालय र त्यसको समेत जिम्मेवारी सम्हालेका प्रधानमन्त्री जवाहरलाल नेहरूसँग वार्ता गर्न बाध्य भए । पहिले भारत सहमत भयो भने मात्र उसले त्यसको प्रक्रिया अगाडि बढाउने गरी ऊ नेपालको आन्तरिक राजनीतिमा निर्णायक भएर उभियो । यसलाई भारतले मध्यस्थताको भूमिका भन्दै आएको छ । तर हामीले नेपालको आन्तरिक राजनीतिमा भारतीय हस्तक्षेपका रूपमा बुझेका छौं ।

नेपालस्थित भारतीय राजदूत सीपीएन सिंहमार्फत भारतका प्रधानमन्त्री नेहरूबाट पूर्ण आश्वासन पाएरै राजा त्रिभुवन दूतावासमा शरण लिन पुगेका थिए । राजा आफ्नो दूतावासमा पुगेपछि त भारत झनै शक्तिशाली र निर्णायक बन्न पुग्यो । यता मोहनशमशेरले राणासत्ताले घोषणा गरेको नयाँ नाबालक राजालाई मान्यता दिलाउन जोडबल गरे तर असफल भए । राणाले गद्दी च्यूत गराएका तर शरण परेर आफ्नो नियन्त्रणमा आएका राजा त्रिभुवनलाई नै राजाका रूपमा निरन्तरता दिएर पुनः राजगद्दीमा फर्काउन भारत सफल भयो ।

सन् १९५० को २४ सेप्टेम्बरमा काठमाडौँमा नेपाली कांग्रेसका कार्यकर्ता सुन्दरराज चालिसे र दिलमान सिंह थापा पक्राउ परे । उनीहरूलाई हिरासतमा राखेर केरकार गर्दा इन्द्रजात्राको दिनमा प्रधानमन्त्रीसहितका वरिष्ठ राणाहरूको हत्या गर्ने षड्यन्त्रको भण्डाफोर भयो । त्यसमा प्रयोग गर्ने भनिएका पिस्तोल, स्टेनगन, विस्फोटक पदार्थ, वायरलेस सेटहरूसमेत सरकारले बरामद गरेको थियो । (दी रोयल गजेट बर्मुडा, ३० सेप्टेम्बर १९५०)

नेहरूले २८ अक्टोबरमा राजदूतलाई पत्रको जवाफ दिँदै आवश्यक परेमा भारतले राजालाई काठमाडौँस्थित भारतीय दूतावासमा शरण दिने र त्यस्तो अवस्थामा अन्तर्राष्ट्रिय कानुनअनुसार आफूहरूले गर्न सक्ने हरसम्भव सुरक्षा प्रदान गर्ने जानकारी राजालाई गराउन निर्देशन दिएका थिए । क्रमशः...